# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## दुल्लु नगरपालिका
## दैलेख





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## दुल्लु नगरपालिका

### दैलेख




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## दुल्लु नगरपालिका

### दैलेख

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर

छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ९३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुख ज्यू,
दुल्लु नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
दैलेख ।

**कैफियत सहितको राय**

हामीले दुल्लु नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१३ करोड ८७ लाख ४५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रियाबाट रु. ४ करोड ५३ लाख ४९ हजार फस्यौंट तथा प्रतिकृयाबाट रु. ३ करोड ८२ लाख ९८ हजार थप भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ५७ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७ करोड ७६ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ८६ लाख ३८ हजार र पेश्की रु.४ लाख २३ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.१९करोड ३ लाख ९९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३१ करोड ४० लाख ४० हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।



नायब महालेखापरीक्षक

# दुल्लु नगरपालिका, दैलेख

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिकृया बाट थाप बेरुजु | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | रकम | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९४ | ११८ | १३८७४५ | ४ | १२ | ४५४४९ | ३८२९८ | ९० | १०६ | १३१५९४ | ५७४८ | ४८६३८ | ७६७८५ | ० | ० | १२५४२३ | ४२३ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ३३.१ | राजश्व दाखिला | ६०६७ |
| २ | ४४.१ | छात्रवृत्ति वढी निकासा असुल | ३८८०० |
| ३ | ५५ | कार्यक्रम संचालन | ६२५००० |
| ४ | ७० | ढुवानी दर (कर असुल) | ३६०० |

| | | | |
|---|---|---|---|
| ५ | ७७.२ | भुक्तानी | ० |
| ६ | ७७.३ | वि ओ क्युमा मोटर साईकल खरिद | ० |
| ७ | ८० | पर्खाल निर्माण | २४१११९ |
| ८ | ८१.१ | निर्माण कार्यको गलत नाँप | ० |
| ९ | ८३.१ | नभएको कामको भुकतानी | ० |
| १० | १०१.१ | शसर्त अनुदान विविध खातामा | ५७३६९८०.२१ |
| ११ | १०३ | पेश्की बाकी | ५००००० |
| | | जम्मा | |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दुल्लु नगरपालिका दैलेख | १९०३९९ | ० | ७९५३ | १८२४४६ | ० | १३१५९४ | ३१४०४० |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : दुल्लु नगरपालिका, दैलेख , दुल्लु नगरपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ज्ञानमणि नेपाल | २०७८-९-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | महेन्द्रजंग शाही | २०७८-१-२० | २०७८-८-२९ |
| लेखा प्रमुख | विनोद बहादुर थापा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १३१,५९३,७९४.७९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६,८९,८२,८४४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५३,१९,१३,४६० | **चालु खर्च** | ४५,५८,७३,१३२ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,३५,२९,००० | **पूँजीगत खर्च** | २०,०७,०३,२२९ |
| **राजश्व बाँडफाँट** | १०,७७,३७,३७५ | **वित्तीय/अन्य व्यवस्था** | २७,५३,८३,६१४ |
| **आन्तरिक आय** | ५५,२०,२३२ | | |
| **अन्य आय** | ३३,९८,१९,५१९ | | |
| **कुल आय** | १,०३,८५,१९,५८६ | **कुल खर्च** | ९३,१९,५९,९७५ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | १७,५५,४२,४५५ |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस दुल्लु नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु दुल्लु कको उद्देश्य रहेको छ । यस दुल्लु नगरपालिका अन्तर्गत १३ वडा, ६८ सभा सदस्य, १५६.७७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४१ हजार ५४० जनसंख्या रहेको छ ।<br>पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **लेखापरीक्षणको क्रममा रु.७,३०,०००।०० असुली भई सञ्चित कोष दाखिला भएको छ ।** | |
| २ | | | **वित्तीय प्रतिवेदन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |

| विवरण | यस वर्ष रु. | | | |
|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ८०,६८,९०,९५८.९७ | ७३,५०,५१,५६७.०० | | ७३,५०,५१,५६७.०० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ७०,२०,६८,७३५.७५ | ६९,८७,००,०६७.७६ | ० | ६९,८७,००,०६७.७६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११००० कर</td><td>१०,९४,२८,२५४.७५</td><td>११,११,८१,४४८.०९</td><td>०</td><td>११,११,८१,४४८.०९</td></tr>
<tr><td>१३००० अनुदान</td><td>५८,७८,३१,३६०.००</td><td>५८,५४,४२,४६०.००</td><td>०</td><td>५८,५४,४२,४६०.००</td></tr>
<tr><td>संघीय सरकार</td><td>५३,४३,०२,३६०.००</td><td>५३,१९,१३,४६०.००</td><td>०</td><td>५३,१९,१३,४६०.००</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>५,३५,२९,०००.००</td><td>५,३५,२९,०००.००</td><td>०</td><td>५,३५,२९,०००.००</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td>३३,०९,१२१.००</td><td>९,५६,१५९.६७</td><td>०</td><td>९,५६,१५९.६७</td></tr>
<tr><td>१५००० विविध प्राप्ति</td><td>१५,००,०००.००</td><td>११,२०,०००.००</td><td>०</td><td>११,२०,०००.००</td></tr>
<tr><td>ख. अन्य प्राप्ति</td><td>१०,४८,२२,२२३.२२</td><td>३,६३,५१,४९९.२४</td><td></td><td>३,६३,५१,४९९.२४</td></tr>
<tr><td>वितरण गर्न बाकी राजस्व</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कोषहरु</td><td>१०,४८,२२,२२३.२२</td><td>३,२४,८६,४५९.२४</td><td>०</td><td>३,२४,८६,४५९.२४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>धरौटी</td><td>०</td><td>३८,६५,०४०.००</td><td>०</td><td>३८,६५,०४०.००</td></tr>
<tr><td>संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>भुक्तानी (ग+घ)</td><td>८७,५८,७३,८०३.०२</td><td>६८,६५,४९,२२९.५६</td><td></td><td>६८,६५,४९,२२९.५६</td></tr>
<tr><td>ग. भुक्तानी (सञ्चित कोषबाट)</td><td>७७,१०,५१,५७९.८०</td><td>६५,६५,७६,३६१.२९</td><td></td><td>६५,६५,७६,३६१.२९</td></tr>
<tr><td>२१००० पारिश्रमिक / सुविधा</td><td>२९,८४,९१,०००.००</td><td>२६,८७,४५,०५५.०६</td><td>०</td><td>२६,८७,४५,०५५.०६</td></tr>
<tr><td>२२००० मालसामान तथा सेवाको उपयोग</td><td>१२,९९,६७,८६६.२८</td><td>१०,०५,७१,४८०.२३</td><td>०</td><td>१०,०५,७१,४८०.२३</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | ७,८९,२७,०००.०० | ६,४७,६५,७२८.०० | ० | ६,४७,६५,७२८.०० |
| २७००० सामाजिक सुरक्षा | २,२९,९०,०००.०० | २,०४,८४,१४९.०० | ० | २,०४,८४,१४९.०० |
| २८००० अन्य खर्च | १४,७५,०००.०० | १३,०६,७२०.०० | ० | १३,०६,७२०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २३,९२,००,७१३.५२ | २०,०७,०३,२२९.०० | ० | २०,०७,०३,२२९.०० |
| घ. अन्य भूक्तानी | १०,४८,२२,२२३.२२ | २,९९,७२,८६८.२७ | | २,९९,७२,८६८.२७ |
| कोषहरु | १०,४८,२२,२२३.२२ | २,३२,५२,४९९.१० | ० | २,३२,५२,४९९.१० |
| धरौटी | ० | ६७,२०,३६९.१७ | ० | ६७,२०,३६९.१७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | (६,८९,८२,८४४.०५) | ४,८५,०२,३३७.४४ | | ४,८५,०२,३३७.४४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १२,७८,१२,७८४.६३ | | १२,७८,१२,७८४.६३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (६,८९,८२,८४४.०५) | १७,६३,१५,१२२.०७ | | १७,६३,१५,१२२.०७ |
| बैंक तथा नगद बाकी | | १७,५६,७२,७६२.०७ | | १७,५६,७२,७६२.०७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **वित्तीय विवरणको यथार्थता**<br><br>पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले संघबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७,८३,३०,३६८।- गरिब सँग विश्वेश्वर कार्यक्रमको रु. २,१४,०००।- संचित विदा र औषधि उपचार को रु. १५,१२,१३३।-, प्रदेश सरकारबाट प्राप्त मुख्य मन्त्री रोजगारकार्यक्रमरु.४,०५,१२,७६७।००, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको रु. १०,००,०००।००, प्रदेश र स्थानीय शासन सहयोग कार्यक्रमको रु. १,४८,४५,०००।०० तथा सामाजिक विकास मन्त्रालयवाट गैर आवासिय भवन निर्माण रु. ६५,००,०००।०० समेत रु. २४,२९,१४,२६८।०० लगायतको रकम सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ४ | | | **फरक हिसाब**<br><br>यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ५८,८२,९९४।००, यस वर्षको प्राप्ति रु.३०,३४,६८,०१८।००, यस वर्षको भुक्तानी रु. २४,५२,८०,४३८।- र बैङ्क मौज्दात रु. ६,४२,३६०।- फरक परेको छ । सुत्रमा वर्षान्तको अन्तमा बाँकी हुनुपर्ने रकम रु. १७,६३,१५,१२२।- तर बैक तथा नगद मौज्दात रु. १७,५६,७२,७६२।- देखिएको छ । बैक हिसाब मिलान गर्ने | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>र सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।<br>
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैंक मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२</td><td>१२७८१२७८५</td><td>७३५०५१५६७</td><td>६८६५४९२३०</td><td>१७,५६ ,७२ , ७६२</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>७९४१६०६१</td><td>1028086367</td><td>९३१८२९६६७</td><td>१७५६७२७६२</td></tr>
<tr><td>फरक</td><td>४८२९६७२४</td><td>३०३४६८०१८</td><td>२४५२८०४३८</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>फरक जिम्मेवारी<br><br>पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ६,८९,८२,८४४।- मौज्दात रहेकोमा यो वर्ष शुत्र अनुसार रु.१,२७,८१,२८५।- जिम्मेवारी सारेको छ भने एकिकृत विवरण अनुसार रु.७,९४,१६,०६१।०० (कोष मौज्दात समेत) जिम्मेवारी सारेको देखिन्छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा शुत्रमा रु.४८,८९,९४१।०० वढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बैङ्क हिसाब विवरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः | |

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| ग २. १ चालू खर्च खाता - विजोर वर्ष | १३०३०८. | ३६८२०९४५. | -३६६९०६३७. |
| ग २. ३ पूँजिगत खर्च खाता - विजोर वर्ष | ० | २७३९७८६९. | -२७३९७८६९. |
| ग २. ७ विविध खर्च खाता | ४८२०५१५९.८ | ४८२०५१५९.८ | ० |
| ग ३. १ स्थानीय तह धरौटी खाता | ९८६०१४८. | ९८६०१४८. | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग ४. १ स्थानीय तह सञ्चित कोष खाता</td><td>११०९७६२४२.५</td><td>४६८८७७३६.५</td><td>६४०८८५०६.</td></tr>
<tr><td>ग ५. १ स्थानीय तह विविध कोष खाता</td><td>३११३७७३.४</td><td>३११३७७३.४</td><td>०</td></tr>
<tr><td>ग ७. २ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>३३८७१३०.४</td><td>३३८७१३०.४</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>१७५६७२७६२.१</td><td>१७५६७२७६२.१</td><td>०</td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ३,६६,९०,६३७.० र पुँजीगत खातामा रु. २,७३,९७,८६९।० समेत रु.</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६,४०,८८,५०६।- मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ८ | | | **अबण्डा बजेट**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो बर्ष उप प्रमुखसंग जनता कार्यक्रममा रु.१३ लाख र विभिन्न आक्समिक योजनामा रु.४० लाख गरी रु. ५३ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट विभिन्न १५ भन्दा वढी सानातिना योजना बनाई बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ९ | | | **गत बर्षको दायित्व**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । नगरपालिकाले २०७८।७९ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई गत आ व २०७७/०७८ मा कार्यसम्पन्न भएका तर भुक्तानी हुन बाँकी पुँजीगत प्रकृतीका योजनाहरुको कार्यान्वयन योजनाहरुमा रु. ४ करोड ४४ लाख ८ हजार बजेट व्यवस्था गरी रु. ४ करोड १९ लाख २४ हजार खर्च गरेको छ । त्यस्तै गत आर्थिक वर्षमा कार्य सम्पन्न भएका तर भुक्तानी नभएका चालु प्रकृतीका योजनाको कार्यान्वयनको लागी रु.२ करोड बजेट विनयोजन गरी रु. १ करोड ५१ लाख ९३ हजार गरी जम्मा रु.५ करोड ७१ लाख १७ हजार खर्च गरेको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्ने व्यबस्था मिलाउनु पर्दछ । | |
| १० | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची- १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गर्नुपर्ने<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरL ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार दर्ता गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४१ जनाको दरबन्दी रहेकोमा १० दरबन्दी रिक्त रहेको पाईयो ।<br>• मर्मत तथा संम्भार अभिलेख खाताः पालिकाले मर्मत सम्भार अभिलेखको लागि मर्मत सम्भार अभिलेख खाता तयार गरेको छैन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११ | | | **बजेट पेश, पारित र अख्तियारी**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाका उपप्रमुख श्री विष्णु थापाले मिति २०७८।०३।१० गते रु. ८८ करोड ६ लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।१० मा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १२ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १३ | | | **बजेट सीमा निर्धारण समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>त्रैमासिक खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची-५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br><table><tr><th>शिर्षक</th><th>जम्मा खर्च</th><th>त्रैमासिक खर्च</th><th>अषाढ महिना</th></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>प्रथम</td><td>दोस्रो</td><td>तेस्रो</td><td>चौथौ</td><td></td><td></td></tr>
<tr><td>चालु</td><td>४५५८७३१३२.२९</td><td>९७७९८९१४</td><td>३५५९२५३७</td><td>११२६१३३६८.८५</td><td>२०९८६८३१२.४४</td><td>१४०७८४००४.४१</td><td></td></tr>
<tr><td>पूजीगत</td><td>२००७०३२२९</td><td>१७५०८२९७</td><td>९७३५८९७</td><td>५०१५२८१३</td><td>१२३३०६२२२</td><td>१०५४८८९२७</td><td></td></tr>
<tr><td>जम्मा</td><td>६५६५७६३६१.२९</td><td>११५३०७२११</td><td>४५३२८४३४</td><td>१६२७६६१८१.८५</td><td>३३३१७४५३४.४४</td><td>२४६२७२९३१.४१</td><td></td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>१८</td><td>७</td><td>२५</td><td>५१</td><td>३८</td><td></td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.६५,६५,७६,३६१।२९ निकासा भएकोमा प्रथम त्रैमासिकमा १७.५६ प्रतिशत, दोश्रो त्रैमासिकमा ६.९० प्रतिशत, तेस्रो त्रैमासिकमा २४.७९ र तेश्रो चौथो त्रैमासिकमा ५०.७४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२४,६२,७२,९३१।४१.अर्थात ३७.५१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः<br><br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।०७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><td rowspan="2">क्र.स</td><td rowspan="2">क्षेत्र</td><td rowspan="2">बजेट</td><td rowspan="2">खर्च</td><td>खर्च प्रतिशत</td></tr>
<tr><td>जम्मा खर्चको तुलनामा</td></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४७७४५०००.</td><td>४१२७८४५२.</td><td>६.२९</td></tr>
<tr><td>२</td><td>पुर्वाधार विकास</td><td>७७५४८३६०.</td><td>६६९६४१३८.</td><td>१०.२</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>४४४५६३०००.</td><td>३८९६४८०९०.४९</td><td>५९.३५</td></tr>
<tr><td>४</td><td>कार्यालय सञ्चालन तथा व्यवस्थापन</td><td>१०३४५८८६६.२८</td><td>८४८६७१९०.८</td><td>१२.९३</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>९७७३६३५३.५२</td><td>७३८१८४९०.</td><td>११.२४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७७१०५१५७९.८</td><td>६५६५७६३६१.२९</td><td>१००.</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५९.३५ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ६.२९ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>

**लक्ष्य प्रगति**

कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगति विवरण बनाई पेस गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

<table>
<tr><td rowspan="2">कार्यक्रम/योजना</td><td rowspan="2">कुल कार्यक्रम</td><td colspan="4">वार्षिक प्रगति स्थिती</td></tr>
<tr><td>शून्य प्रगती</td><td>२५%सम्म प्रगति</td><td>५०% सम्म प्रगति</td><td>७५% सम्म प्रगति</td></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>६२१</td><td>०</td><td>०</td><td>०</td><td>६२१</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>

**खर्च बिश्लेषणः**

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.५५,२०,२३२।०१ राजस्व बाँडफाँड रु. १०,७७,३७,३७५।७५ र अनुदानबाट रु.५८,५४,४२,४६०।०० समेत रु.६९,८७,००,०४९।- आम्दानी भएकोमा चालु तर्फ रु.४५,५८,७३,१३२।२९ र पूँजिगत तर्फ रु.२०,०७,०३,२२९।- समेत रु.६५,६५,७६,३६१।२९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१,२३,९२,२६३।५० खर्च भएको छ जुन आन्तरिक आयको २२४.४९ प्रतिशत अर्थात आन्तरिक आम्दानी भन्दा

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पदाधिकारी सुविधामा दोब्बरले वढी खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.४३ प्रतिशत चालु र ३०.५७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रममा न्युन खर्च गरी प्रशासनीक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनीक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७८/७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ लाखसम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १०-५०लाख सम्म</td><td>५०लाख भन्दा बढी</td><td>जम्मा</td></tr>
<tr><td>१४८ वटा</td><td>१८९ वटा</td><td>१३५ वटा</td><td>९० वटा</td><td>५२ वटा</td><td>७ वटा</td><td>६२१ वटा</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष ६२१ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ४७२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैभरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **ससर्त अनुदान फिर्ता**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु.३,७६,६८,०४६।- देखाएकोमा पालिकाले उक्त रकम असार मसान्त पश्चात फिर्ता गरेको छ । | |
| २१ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २०,०७,०३,२२९. पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २२ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १४६ (स्वास्थ्य संस्था समेत) दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ९२ जना | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत (प्रशासन), सि.डि.ई., लेखा अधिकृत, अधिकृत छैठौ, सहायक पाचौ, सहायक चौथो, इन्जिनियर सब-ओभरसियर लगाएत विभिन्न पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथासक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २३ | | | **करार कर्मचारी**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ६८ जना कर्मचारीहरु करारमा राखी रु.१,८५,६१,९९०।- खर्च लेखेको छ । सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेकोमा उल्लेखित पद वाहेक अधिकृतस्तर छैठौ, ना.प.से.प्रा, सहायक चौथो, कम्प्युटर अपरेटर, असई, अमिन तथा वडा सहायक लगायतको पदमा ४१ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१,०८,०२,०१०।- भुक्तानी गरेको अनियमित रु. | १०,८०२,०१० |
| २४ | | | **सामाजिक परिचालकः**<br><br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०७४।७५/च. न. ४० (२०७४।१२।१३) को परिपत्रको वुदा नं ४ मा साविकमा उत्कृष्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरु सेवा करारमा काम गर्न नआएमा नयाँ व्यक्तीलाई कार्यालय सहायक वा सामाजिक परिचालककारुपमा नियुक्त नगर्ने, २०७५ असार मसान्त पश्चात सामाजिक परिचालकको लागि कुनै केन्द्रिय दायित्व नरहने उल्लेख छ । स्वीकृत दरवन्दी वाहेकका अन्य कर्मचारीलाई करारमा लिने कार्य नियम सम्मत नभएकोले नगरसभावाट निर्णय गराएर कार्य गर्न नमिल्ने अवस्था रहेको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>छ । पालिकाले यस वर्ष १३ जना सामाजिक परिचालकलाई मासिक रु.२०,०००।- का दरले रु.३२,००,०००।- भुक्तानी गरेको छ । सामाजिक परिचालकको दरवन्दी नभएकोले सामाजिक परिचालकको भुक्तानी गरेको नियमसम्मत देखिदैन ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>१३</td><td>१३</td><td>५</td><td>८</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जन्मदर्ता</td><td>१९९२</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>३३७</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१५७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>५६९</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>६</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा नगरपालिकाले हालसम्म के कति कानून निर्माण गरेको हो सोको विवरण माग भए अनुसार पेश गरेको छैन । सो सम्वन्धमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई सोको अभिलेख खडा तथा पालिकाको ऐन कानून संग्रह गरी सोको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | |
| २८ | | | **न्यायीक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायीक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यो बर्ष दर्ता भएको २४ मा १६ वटा उजुरी फछ्र्यौट भई ७ बाँकी देखिन्छ भने १ मुद्दा सम्बन्धित निकायमा दर्ता भएको छ । गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी विवरण पेश भएन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २९ | | | **आयको अनुमानः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।०७९ मा रु.५५,२०,२३२।०१ अर्थात अनुमान भन्दा ११० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिन आवश्यक देखिएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>आन्तरिक आयः<br><br>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>६५,६५ ,७६ ,३६१.२९</td><td>५५२०२३२।०१</td><td>०.८४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>कर तथा शुल्क असुली -<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।
<table>
<tr><td>आय शीर्षक</td><td>अनुमान</td><td>असुली</td><td>असुली प्रतिशत</td></tr>
<tr><td>एकीकृत सम्पती कर</td><td>१५०००००</td><td>१७६१४४९.६७</td><td>११७.४३</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भुमिकर/मालपोत</td><td>४०,०००.००</td><td>१०१२८११.३३</td><td>२५३२.०३</td></tr>
<tr><td>घरवहाल कर</td><td>२०००००</td><td>७१८९३२.३४</td><td>३५९.४७</td></tr>
<tr><td>नक्सापास दस्तुर</td><td>१२००००</td><td>३३,७८८.७६</td><td>२८.१६</td></tr>
<tr><td>सिफारिश दस्तुर</td><td>३२००००</td><td>४७,१६६.००</td><td>१४.७४</td></tr>
<tr><td>व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>११००००</td><td>४,९००.००</td><td>४.४५</td></tr>
<tr><td>अन्य दस्तुर</td><td>२६१५०००</td><td>१,०००.००</td><td>०.०४</td></tr>
<tr><td>व्यावसाय रजिष्ट्रेशन दस्तुर</td><td>१०,०००.००</td><td>०</td><td>०</td></tr>
<tr><td>न्यायिक दण्ड जरिवाना र जफत</td><td>५०,०००.००</td><td>३,४००.००</td><td>६.८</td></tr>
<tr><td>अन्य राजस्व</td><td>३५,०००.००</td><td>८१६७८३.९१</td><td>२३३३.६७</td></tr>
<tr><td>बेरूजू</td><td>१५०००००</td><td>११२००००</td><td>७४.६७</td></tr>
<tr><td>जम्मा</td><td>६५०००००</td><td>५५२०२३२.०१</td><td>६७.७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>राजश्व अभिलेख<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा राखेको देखिएन । अधिल्लो आर्थिक वर्षको बाँकी नगदी रसिद के कति छन एकिन गर्न सकिएन । यसले गर्दा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने गरेको जनाएपनि अभिलेख व्यवस्थित गरेको छैन । पेश गरेको विवरण अनुसार नदिजन्य पदार्थ गिटी वालुला उत्खन्न वापत कार्यालयले रसिद छपाई गरी अमानतमा राजस्व उठाउने गरेको देखियो । वडा नं ११ वाट रसिद नं ३५१ देखि ४०० र ७०१ देखि ७५० सम्मको रसिदवाट जम्मा रु.३४,२९०।- विविध आम्दानी जनाएको छ । तर सो सि.नं. वाहेकको रसिद के कसको जिम्मामा रहेको छ र वाँकी रसिदवाट के कति आम्दानी भएको हो सोको विवरण तथा राजस्व पालिकामा दाखिला भएको नदेखिएकोले सो सम्वन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो । | |
| ३३ | | | **राजश्व दाखिला**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै उपदफा (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिबाना दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । पालिकाले विभिन्न सिफारिस वापत प्राप्त निम्नानुसारको राजस्व ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने रु.<br><br>\| क्रम \| कर्मचारीको नाम \| असुली रकम \| | २२,६२६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३३.२ \| धन वहादुर वुढा \| २२,६२६<br><br>*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु. ६६०७।- सम्परीक्षण गरिएको ।)* | |
| ३४ | | | **व्यवसाय कर**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै शुल्क उठाएको छैन । साथै पालिका क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यापार व्यवसायको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३५ | | | **अनुदानको अनुगमन**<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा मा समेत अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३६ | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना, खाजा तथा विविधमा मात्र रु. ३७,५१,८७०।- खर्च गरेको छ । सो रकम पालिकाको कुल आन्तरिक आय रु.५५,२०,२३२।- को ६७.९७ प्रतिशत हुन आउँछ । यस्तो खर्च नियन्त्रण हुनु पर्दछ । | |
| ३७ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ६,५१,५६५।- आर्थिक सहायता वितरण गरेका छन् । सो रकम पालिकाको कुल आन्तरिक आय रु.५५२०२३२.०० को ११.८० प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| ३८ | | | **महोत्सव तथा अन्य खर्च**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर नगरपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ७८,०९,४१५।००खर्च गरेको छ । यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **पदाधिकारी सुविधा**<br><br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट विगत वर्षको छुट तथा नपुग र यस वर्षको गरी रु. ९२,७६,१७८। र वैठक भत्ता वापत रु. ३१,१६,०८५।०० गरी जम्मा रु. १,२३,९२,२६३।५० सुविधा वापत भुक्तानी भएको छ । | |
| ४० | ४०३ | २०७८-१२-२० | **उपप्रमुखसँग जनता कार्यक्रमः**<br><br>कुनै पनि कार्यक्रम सञ्चालन गर्दा दिर्घकालीन प्रभाव, असर, प्रतिफल लगाएतका कुराहरु समेत ध्यानमा राखी सञ्चालन गर्नुपर्दछ । पालिकाले उपप्रमुखसँग जनता कार्यक्रमा रु. १३ लाख विनियोजन गरी ४१२ वटा झोला, वटा ज्येमेक्ट्रि वक्स, कपि ६२४ दर्जन र कलम ३१२ थानको १२ लाख ५६ हजार खर्च गरेको छ । विपन्न विद्यार्थिलाई शैक्षिक सामग्रि उपलब्ध गराउने कार्यक्रम रहेतापनि स्पष्ट कार्यविधि तथा कार्ययोजनाको साथै छनोटको स्पष्ट आधार देखिदैन । शर्शत शिर्षकबाट हरेक विद्यालयलाई वार्षिक रुपमा मसलन्द तथा शैक्षिक सामग्रिको लागि अनुदान निकासा भएको छ । विद्यालयलाई उपलब्ध गराएको रु. १२१९००। जेमेक्ट्रि बक्स लगायतको सामग्री खरिदमा खर्च गरेको छ । वितरणमुखी खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ४१ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठन पाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका ५४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th><th>विद्यार्थी शिक्षक अनुपान</th></tr>
<tr><td>१</td><td>प्राथमिक</td><td>१८३</td><td>१८३</td><td>६२</td><td>७०७३</td><td>३९</td></tr>
<tr><td>२</td><td>निम्नमाध्यामिक</td><td>४३</td><td>४३</td><td>३०</td><td>३४५०</td><td>८०</td></tr>
<tr><td>३</td><td>माध्यमिक</td><td>३१</td><td>३१</td><td>१५</td><td>२०२०</td><td>६५</td></tr>
<tr><td>४</td><td>उमावि तथा प्रशिक्षक</td><td>१८</td><td>१८</td><td>१८</td><td>१२४०</td><td>६९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२७५</td><td>२७५</td><td>१२५</td><td>१३७८३</td><td></td></tr>
</table>
शिक्षा ऐन नियम अनुसार शिक्षक बिद्यार्थी अनुपात मिलाई दरबन्दी मिलान गरी रिक्त दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>दिवा खाजाः<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७८।०७९) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. १५।- का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कका आधारमा कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन वापत रु.१ करोड ५३ लाख ६४ हजार ५ सय ७७ निकासा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | गरेको छ । IEMIS रेकर्डको आधारमा निकासा गरेपनि पालिकाले कुनै अनुगमन नगरेको, दैनिक हाजिरी तथा खर्चको विल भरपाई समेत पेश भएको छैन । अतः पालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गरी हाजिरी भन्दा वढी विद्यार्थीलाई निकासा भएको रकम विद्यालयबाट फिर्ता गर्नुपर्दछ । | |
| ४३ | | | **पाठ्यपुस्तकः**<br><br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहिलोपटकमा विद्यार्थी संख्याको आधारमा ७५% पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईका आधारमा नपुग हुने थप २५% अनुदान दिने व्यवस्था छ । पालिकाले २०७९।०२।२० मा अन्तर्गतका विद्यालयलाई ७५ प्रतिशत रु.५९,८५,९९८।- र २०७९।०३।२१ मा २५% रु.१०,९८,२४४।- पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ । विद्याथीको वास्तविक संख्या यकिन नगरी तथा पाठ्यपुस्तक खरिद तथा भरपाई गरेको कागजात संलग्न नगरी २५% रकम निकासा गरेकोले उक्त रकम पाठ्यपुस्तकमा नै खर्च भएको भन्ने यकिन गर्न सकिएन । पालिकाले विद्यालयको नियमित अनुगमन गरी विद्यार्थी संख्याका आधारमा पुस्तकको खरिद तथा बुझिलिएको भरपाई भिडान गरी निकासा रकम यकिन गरी बढी निकासा देखिएमा असुल गर्नु पर्दछ । | |
| ४४ | | | **छात्रवृत्तिः**<br><br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप ४.२ मा कक्षा १-८ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु ४०० छात्रवृत्ती तथा दलित विद्यार्थीलाई रु ४०० छात्रवृत्ति उपलब्ध गराउन सकिने उल्लेख छ । पालिकाले विभिन्न विद्यालयमा छात्रवृत्ति वापत रु २६१८००० निकासा गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न बमोजिम रहेको छः | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४.१</td><td></td><td></td><td>✄ ..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु. ३८८०० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>पालिका अन्तरगत ५३ सामुदायिक विद्यालयलाई छात्रावृत्तिको रकम निकासा गरेकोमा ७ विद्यालयको मात्र छात्रवृत्तिको रकम वितरण गरेको भरपाई मात्र पेश भएकोले अन्य विद्यालयको समेत छात्रवृत्ति वितरण गरेको भरपाई रुजु गरेको तथा वढी निकासा भएको एकिन गरी बढी निकासा गएको असूल प्रमाण संलग्न भएको प्रतिवेदन पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td>८५</td><td>२०७९-१-६</td><td>विद्यालय एकमुष्ट अनुदानः<br><br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप ९.११ मा शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयलाई एकमुष्ट अनुदान वापत रु.१० लाख उपलब्ध गराउने व्यवस्था छ । साथै वार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय संचालन कार्यविधि, २०७६ बमोजिम पालिकाले विद्यालयसँग गरेको सम्झौता अनुसार एकमुष्ट अनुदान निकासा पछि विद्यालय शिक्षक, बाल कक्षा शिक्षक, कर्मचारी पारिश्रिक तथा शैक्षिक सुधारको कुनै शिर्षकको रकम प्रदान नगरिने उल्लेख छ । उल्लेखित व्यवस्थाका बाबजुत पालिकाले एकमुष्ट अनुदान प्राप्त गर्ने निम्न विद्यालयलाई बाल कक्षा शिक्षक तथा विद्यालय कर्मचारी पारिश्रमिक समेत निकासा गरेकोले उक्त पारिश्रमिक वापतको रकम विद्यालयबाट फिर्ता गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र सं</th><th>विद्यालयको नाम</th><th>वाल कक्षा शिक्षक पारिश्रमिक</th><th>विद्यालय कर्मचारी पारिश्रमिक</th><th>मासिक जम्मा</th><th>महिना</th><th>जम्मा निकास</th></tr>
<tr><td>१</td><td>हनुमान आधारभुत विद्यालय बसपानी</td><td>१००००</td><td>१००००</td><td>२००००</td><td>१३</td><td>२६००००</td></tr>
</table></td><td>१,६०७,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>हनुमान आधारभुत विद्यालय पौवा</td><td>१००००</td><td>१००००</td><td>२००००</td><td>१३</td><td>२६००००</td></tr>
<tr><td>३</td><td>हंशज्वाला आधारभुत विद्यालय पादुका</td><td>१००००</td><td>१००००</td><td>२००००</td><td>१३</td><td>२६००००</td></tr>
<tr><td rowspan="2">४</td><td>पञ्चकोशी बेद विद्याश्रम</td><td>०</td><td>१००००</td><td>१००००</td><td>१३</td><td>२१८५००</td></tr>
<tr><td colspan="3">पहिलो चौमासिकको छुट भनि डलब निकासा</td><td>८८५००</td><td>१</td><td>८८५००</td></tr>
<tr><td>५</td><td>माईभगवती आधारभुत विद्यालय बिजौरा</td><td>१००००</td><td>१००००</td><td>२००००</td><td>१३</td><td>२६००००</td></tr>
<tr><td>६</td><td>तियाडि आधारभुत विद्यालय</td><td>१००००</td><td>१००००</td><td>२००००</td><td>१३</td><td>२६००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१६०७०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>जिन्सी अभिलेख<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ वमोजिम कार्यालयमा खरिद गरी वा कुनै माध्यमवाट प्राप्त भएको मालसामानको जिन्सी अभिलेख खातामा दाखिला गर्नुपर्दछ । पालिकाले निम्नानुसार सामान</td><td>१,४१५,००० </td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खरिद गरी भुक्तानी गरेकोमा उक्त सामान पालिका वा सम्वन्धित निकायको जिन्सी अभिलेख राखेको नदेखिएकोले उक्त सामान विद्यालय तथा कार्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु<br>
<table>
<tr><th>भौ नं</th><th>सामानको विवरण</th><th>खर्च रकम</th><th>दाखिला हुनुपर्ने निकाय</th><th>कैफियत</th></tr>
<tr><td>१७</td><td>ICT Lab</td><td>६५००००</td><td>लक्ष्मी आ वि वस्नेपाटी छिकडी</td><td>विद्यालयको जिन्सीमा दाखिला नभएको</td></tr>
<tr><td>१७</td><td>ICT Lab</td><td>६५००००</td><td>सरस्वती देवी मा वि खतिगैडा मालिका</td><td>विद्यालयको जिन्सीमा दाखिला नभएको</td></tr>
<tr><td>३१९</td><td>ल्यापटप खरिद</td><td>११५०००</td><td>नगरपालिकाको जिन्सीमा आम्दानी गर्नुपर्ने</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४१५०००</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>वित्तिय समानिकरणबाट शिक्षकको तलब भत्ताः<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन</td><td>१३,८१४,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । पालिकाले शिक्षक तथा प्रशिक्षक व्यवस्थापन सम्बन्धी ऐन, २०७८ तथा शिक्षक तथा प्रशिक्षक व्यवस्थापन कार्यविधि, २०७८ निर्माण गरेको भएतापनि ऐन नगरसभाबाट स्वीकृत भएको तथा राजपत्रमा समेत प्रकाशन गरेको देखिंदैन । पालिकाले आफ्नो आन्तरिक स्रोतले नपुग्ने अवस्थामा शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी गर्न मिल्ने देखिंदैन । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. १,३८,१४,०००।- तलब भत्ता भुक्तानी गरेको अनियमित रु. | |
| ४८ | ७६ | २०७८-१२-२४ | पालिकाले दिवा खाजाको रकमबाट दिवा खाजा अभिमुखिकरण कार्यक्रम संचालन गरी रु.५८,२४१।- भुक्तानी गरेको छ । यसरी विद्यालय दिवा खाजा वापत प्राप्त भएको रकमबाट गोष्ठी तथा अभिमुखिकरण जस्ता कार्यक्रम संचालन गरी भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई कार्यक्रक संचालकबाट असुल गर्नेपर्ने रु | ५८,४४१ |
| ४९ | | | **औषधी खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ मा रु.१० लाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने तथा (१क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। त्यस्तै सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा वढी रकमको एउटै फर्म वा संस्थाबाट खरिद गर्न नपाईने उल्लेख छ । पालिकाले उत्पादकले तोकेको भन्दा फरक मुल्य, फरक मितिमा विभिन्न खरिद विधि अपनाई निम्न फर्मबाट रु.३०,७४,०१९।- को औषधी खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| विवरण | सप्लायर्सको नाम | रकम |
|---|---|---|
| ठेक्का०४ ०७८।१०।१८ | हिमालयन मेडिसिन कन्सर्न (६०८५५४८२४) | ९९७१५२ |
| ठेक्का१४ | ड्रग इन्टरनेशनल फार्मेशी (३००६७४६२४) | ५०५००० |
| ६८।०७८।१२।२१ (कोटेशन) | कान्तिपुर आयुर्वेद सप्लायर्स | ८८४९५८ |
| १५१।०७९।०३।१४ (कोटेशन) | गौमुखि आयुर्वेद फर्मा | ९७७८५ |
| २०।०७९।०३।२४ (कोटेशन- दुल्लु अस्पताल) | कमला मेडिशिन डिस्ट्रिव्युटर्स (३०३११२९७) | १४९८२८ |
| | सुर्खेत सर्जिकल एण्ड मेडिकल सप्लायर्स (६०७२३५३५३) | ४३९२९६ |
| | | ३०७४०१९ |

• खरिद गरेका उक्त औषधी स्वीकृत कम्पनीबाट उत्पादन भए नभएको र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने,औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी व्यवस्थित गरी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५० | | | **महिला स्वयमसेविका प्रोत्साहनः**<br><br>पालिकाले महिला स्वयमसेविका प्रोत्साहनको सम्बन्धमा कुनै पनि कार्यविधि तथा कानून नबनेको अवस्थामा महिला स्वयमसेविकाको भत्ता वडा अनुसार फरक फरक दरमा विभिन्न वडामा देहाय बमोजिम प्रोत्साहन भत्ता वितरण गरिएको छ । कानुनी तथा वार्षिक बजेटमा उल्लेखित व्यवस्था बेगर भत्ता वितरण गर्दा पालिकालाई थप व्ययभार सिर्जना भएको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |

| वडा नं | महिला स्वयम सेविका संख्या | प्रोत्साहन भत्ता दर | जम्मा भुक्तानी |
|---|---|---|---|
| ७ | ७ | १०००० | ७०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१</td><td>११</td><td>५४५५</td><td>६००००</td></tr><tr><td>२</td><td>१२</td><td>५०००</td><td>६००००</td></tr><tr><td>१२</td><td>८</td><td>६२५०</td><td>५००००</td></tr></table></td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>छोरी बचत खाताः<br><br>सामाजिक विकास मन्त्रालयले २०७६/७७ देखि प्रत्येक जन्मिएको छोरीको नाममा पलिकाको सिफारिसमा तोकिएको वैकमा खाता खोली प्रतिमहिना पाँचसयका दरले नगद जम्मा गर्ने नीति कार्यान्वयन गरेको छ । पालिकाले हालसम्मको कुल ११९३ जना मध्ये यस वर्ष ५०६ जनाको खाता सिफारिस गरेकोमा रु.५४,०८,०००।०० छोरी बचत खातामा जम्मा गराएको देखिएपनि सबैको खातामा रकम भुक्तानी हुन सकेको छैन । प्रर्याप्त बजेट अभावका कारण रकम जम्मा हुन नसकेको पलिकाले जनाएको छ। दीर्घकालीन भारपर्ने नीति कार्यान्वयन ल्याउनु अगाडि असर एवं प्रभाव विश्लेषण नगरेको कारण हरेक वर्ष दायित्व बढ्दै जाने तर बजेट अपर्याप्त रहने देखिएबाट उक्त कार्यक्रमको उपयुक्त विकल्पको पहिचान गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>प्रविधि हस्तान्तरणः<br><br>गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकममात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी</td><td>१४४,७७३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु ११७०२४८ को विभिन्न मेशिन औजार खरिद गरी विभिन्न व्यक्ति तथा उद्यमीलाई प्रविधि स्वरुप उपलब्ध गराएको छ। यसरी खरिद गर्दा सामानको कुल अंकको शत प्रतिशत नै आपूर्तिकर्तालाई भुक्तानी दिएको तथा प्रविधि माग गर्नेले समेत २० प्रतिशत लागत साझेदारी गरेको कुनै प्रमाण नदेखिएकोले उक्त मेशिनको मूल्यको २० प्रतिशत रकम भूक्तानी दिनेबाट असूल गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं र मिति</th><th>प्रविधिको नाम</th><th>प्रविधि खरिदको कुल रकम</th><th>२० प्रतिशतले हुने रकम</th></tr>
<tr><td>१६५</td><td>डिजल मिनि ट्रिलर विथ एस मोडल २ पिस</td><td>१६००००</td><td rowspan="9">१४४७७३</td></tr>
<tr><td>।०७९।०३।१५</td><td>तीन रोला पराल काट्ने मेशिन १ पिस</td><td>५४०००</td></tr>
<tr><td></td><td>सिलाई मेशिन कैची सहित ५ पिस</td><td>७३००५</td></tr>
<tr><td></td><td>इन्टरलक मेशिन १ पिस</td><td>१४६०१</td></tr>
<tr><td></td><td>आईरन ७ पिस</td><td>९२८९</td></tr>
<tr><td></td><td>स्टुल १० पिस</td><td>१३२७०</td></tr>
<tr><td></td><td>३ एच पि स्टिल बडी ग्रेन्डर मोटर विथ १ लट १ पिस</td><td>९५०००</td></tr>
<tr><td></td><td>हेन्ड सिलर मेशिन (प्याकेजिङ्ग) १</td><td>४५००</td></tr>
<tr><td></td><td>इन्टरलक इट्टाको साचो ग्रेडिङ साचोहरु १</td><td>१६००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>230 ।०७९।०२।२२</td><td>फलामे टनेल निर्माणको लागि एङ्गल ५२६ केजि</td><td>१४००००</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>७२३६६५</td><td>१४४७७३</td></tr>
</table></td><td></td></tr>
<tr><td>५३</td><td>७४</td><td></td><td>कृषि अनुदान<br><br>कृषि कार्यक्रम अन्तरगत पकेट क्षेत्र विस्तार कार्यक्रम समुहमा संचालन गर्नुपर्दछ । पालिकाले बाख्रा सानो व्यवसायीक कृषि उत्पादन पकेट क्षेत्र विकास कार्यक्रममा समुहहरुलाई ५२०००।०० का दरले रु.८२२०००।०० अनुदान दिएकोमा ७ जना व्यक्तिलाई समेत दिएको देखिएको छ । अन्य संस्थागत अनुदान शिर्षकवाट खर्च लेख्दा पकेट क्षेत्र विस्तार कार्यक्रमको निर्देशिका वमोजिम संचालन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४</td><td>७३०</td><td>२०७९-३-२५</td><td>चल्ला वितरणः<br><br>दलित लक्षित कार्यक्रम अन्तर्गत गिरीराज जातका रु. १८४४००। को चल्ला वितरण गरेको छ । ८ हप्ते चल्ला वितरण गर्ने कार्यक्रम रहेकोमा सो भन्दा कम समयको चल्ला वितरण गरेको देखिन्छ । दलित लक्षित समुहले ५३० वडा चल्ला खरिद गरेको विल पेश गरेकोमा ८५० वटा चल्ला वितरण गरेको भरपाई वितरण गरेको भरपाई पेश गरेको छ । तोकिएको मापदण्ड पुरा नगरेको साथै खरिद भन्दा वितरण गरेको चल्लाको संख्या अस्वभाविक रुपमा बढी देखिएकोले चल्ला वितरण कार्य विश्वसनिय देखिएको छैन ।</td><td></td></tr>
<tr><td>५५</td><td>८४</td><td></td><td>कार्यक्रम संचालन</td><td>०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ...........*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. ६२५००० ।- सम्परीक्षण गरिएको ।)* | |
| ५६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६७ जनालाई रोजगारी उपलव्ध गराई रु. १२९९०००।०० खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ५७ | | | **मुख्यमन्त्री रोजगार कार्यक्रमः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा १८ वटा योजना सञ्चालनमा रु. २ करोड ७५ लाख ५० हजार खर्च हुनुको साथै ३५७ जनाले रोजगारी प्राप्त गरेका छन । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः</td><td></td></tr>
<tr><td>५७.१</td><td></td><td></td><td>कन्टिजेन्सीः मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ दफा ११ मा आयोजना कार्यन्वयन गर्ने निकायले यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजनामा विनियोजित बजेटको बढिमा दुई प्रतिशत रकम कन्टिजेन्सीमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनामा २.५ प्रतिशतका दरले कन्टिजेन्सी कट्टि गरेको छ । केहि आयोजना परिक्षण गर्दा देहायबमोजिम बढि रकम कन्टिजेन्सी कट्टि भएकोले अनियमित भएको रु.
<table>
<tr><th>आयोजन</th><th>कुल विनियोजन रकम</th><th>बढी कट्टि कन्टिजेन्सी</th></tr>
<tr><td>चाल्नेमुल देखी गौडा कृषि क्याम्पस सम्म सडक निर्माण</td><td>१७०००००</td><td>८५००</td></tr>
<tr><td>बालुवातडा खानेपानी निर्माण योजना</td><td>७००००</td><td>३५००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१२०००</td></tr>
</table></td><td>१२,०००</td></tr>
<tr><td>५७.२</td><td></td><td></td><td>सार्वजनिक लेखापरीक्षणः मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७.३</td><td></td><td></td><td>आयोजनाको अनुगमनः मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ बमोजिम आयोजनाको कम्तिमा दुई पटक अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकामा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमको दुई पटक अनुगमन भएको छैन । कार्यविधिले तोके बमोजिम कम्तिमा दुई पटक अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५७.४</td><td></td><td></td><td>जिन्सी सामग्रिः मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुमा प्रयोग भएका जिन्सी मालसामानहरु आयोजना समाप्ति पश्चात पालिकामा दाखिला गर्नुपर्दछ । पालिका अन्तर्गत सञ्चालित कुनै पनि आयोजनामा प्रयोग भएका जिन्सी सामग्रि पालिकामा दाखिला भएको देखिदैन । तसर्थ आयोजनाको समाप्ति पश्चात प्रयोग भएका जिन्सी मालसामान पालिकामा दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५७.५</td><td></td><td></td><td>श्रमिक ज्याला तथा सामग्रि लागत अनुमानः मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ७ बमोजिम आयोजना सञ्चालन गर्दा श्रमिकको ज्याला तथा सामग्री लागत अनुपात अनुसुची-५ बमोजिम हुने व्यवस्था छ । पालिकामा यस वर्ष सञ्चालित केही आयोजनामा श्रमिक ज्याला तथा सामग्रि लागत अनुपात फरक देखिन्छ । जसको उदाहरण देहायबमोजिम छ । साथै आयोजनासँग असम्बन्धित सामाग्रिहरु समेत खरिद गरेको देखिन्छ ।
<table>
<tr><th>आयोजना</th><th>श्रमिक खर्च</th><th>श्रमिक प्रतिशत</th><th>सामाग्रि खर्च</th><th>सामाग्रि प्रतिशत</th></tr>
<tr><td>दिपज्योती आधारभुत विद्यालय भवन निर्माण</td><td>१५५७२०</td><td>२०</td><td>६०८१४९</td><td>८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>सार्वजनिक परीक्षण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ५९ | ८८ | २०७९-३-२४ | **लागत सहभागिता**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम लाभग्राही सामुदाय संग भएको कार्यको भुक्तानी गर्दा सम्झौता वमोजिम अनुपातिक कट्टि गरि भुक्तानी गर्नुपर्दछ । कार्यालयले कोल्डस्टोर निर्माण गर्न मालिका कृषि तथा पशुपंक्षि फर्मसँग ५० प्रतिशत अनुदानमा निर्माण कार्यको सम्झौता भएकोमा उक्त कार्यको प्राविधिक मुल्यांकन रु.१८३९६८५।०० गरेकोमा सोको ५० प्रतिशत रु.९१९८४२।५० भुक्तानी गर्नुपर्नेमा रु.१०७२५००।०० भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.१५२६५७।०० असूल हुनुपर्ने रु | १५२,६५७ |
| ६० | | | **खरिद अभिलेखः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा हरेक खरिद कारबाहीको लागि छुट्टा छुट्टै फाइल खडा गरी लागत अनुमान, पूर्व योग्यता निर्धारण, बोलपत्र सम्बन्धी कृयाकलाप लगायत खरिद संझौता देखि सम्पन्न प्रगति प्रतिवेदन समेत वनाई फाइल पञ्जिका समेत तयार गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले सवै खरिदको फाइल तयार नगर्ने गरेको, तयार गरेको फाइलमा सम्बन्धित सवै कागजात नराखि पञ्जिका समेत तयार नगर्ने गरेको देखिएको छ । यसबाट खरिद सम्बन्धी पूर्ण विवरण उपलब्ध नहुने, प्रमाण कागजात एकिकृत नहुने लगायतका कारणबाट खरिद कार्य प्रभावकारी देखिएन, नियमको उक्त व्यवस्था अनुसार खरिद अभिलेख/फाईल व्यवस्थापन गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१</td><td></td><td></td><td>लागत सहभागिता<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>वितरणमुखी कार्यः<br><br>स्रोत साधनको परिचालन गर्दा महत्तम प्रभाव हुने तरिकाले दिर्घकालिन योजना बनाएर गर्नुपर्दछ । पालिकाले देहायका विभिन्न कार्यक्रम अन्तर्गत रु.१४९६६२०।०० वितरण गरेको छ । दिर्घकालीन प्रभाव नपार्ने कार्यक्रमहरु सञ्चालन गर्दा पालिकाको आर्थिक समुन्नका साथै रोजगारी, उत्पादन तथा आन्तनिर्भरतामा प्रतिकुल असर पर्ने देखिएकोले वितरणमुखी कार्य नियन्त्रण हुनुपर्दछ ।<br>
<table>
<tr><th>गोश्वरा भौचर नं/मिति</th><th>कार्यक्रम</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>२३५- ०७८।१०।१०</td><td>आमा समुहको पुजी वृद्धि</td><td>१२० आमा समुहलाई १०००० का दरले</td><td>१२०००००</td></tr>
<tr><td>३०४- ०७८।१२।२५</td><td>दलित लक्षित कार्यक्रम</td><td>भाडाकुडाहरु वितरण</td><td>२९६६२०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१४९६६२०</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ६४ | | | **धुरिकान्ता पोखरी मर्मत**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम लाभग्राही सामुदायसँग भएको सम्झौता वमोजिम भएको कार्यको भुक्तानी गर्दा वास्तविक कार्य तथा प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्पर्दछ । पालिकाले धुरिकान्ता पोखरि ममर्त गर्न लागत अनुमान रु.१६०४५७९।०० भएकोमा लाभग्राहीले रु.१८७०७९।०० श्रमदान गर्ने र वाँकी पालिकाले व्यहोर्ने गरि सम्झौता भएकोमा उक्त कार्यको भुक्तानी गर्दा पेश भएको प्राविधिक मुल्यांकन तथा सक्कल विलभर्पाई अनुसार 50 mm dia रु.१७९९६७।०० खर्च भएकोमा प्राविधिक मुल्यांकन रु.२९१७००।०० कायम गरि भुक्तानी गरेको देखिएकोले वढी भुक्तानी भएको रकमको लाभग्राहीले व्यहोर्ने अंश कट्टा गरि रु.९८३२५।०० असूल हुनुपर्ने रु | ९८,३२५ |
| ६५ | ३०९ | | **रेडियो दुल्लु तला थप तथा सामग्री**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ वमोजिम सार्वजनिक निकायले खर्च लेख्दा उक्त खर्च पुष्टि हुने प्रमाण सहित लेखा राख्नुपर्दछ । पालिकाले संचालनमा नरहेको रेडियो निर्माण कार्य तथा व्याट्रि खरिद गरेको विल पेश गरि रु.११७०२५९।०० खर्च लेखेको छ । उक्त रेडियो सामुदायिक साझेदारीमा स्थापना भएको जनाए तापनि पालिकाले उक्त रेडियो संचालन तथा सामग्रीको अभिलेख समेत राखेको देखिएन । यसरी संचालनमा नरहेको रेडियोको लागि खरिद भएको Exide battery ८ थान को रु.३०३९२४।०० तथा Exc100 6*100 | १,१७०,२५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | wall t Hitachi 3 Kva 72 volt को रु.५८४७७।०० विल पेश गरि भुक्तानी भएको सम्वन्धमा उक्त सामानको सम्वन्धमा छानविन गरि प्रतिवेदन पेश गर्नुपर्ने रु | |
| ६६ | २३१ | २०७९-३-११ | **विद्युत सामग्री खरिदः**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गरि खरिद प्रकृया अगाडी वढाउनुपर्दछ । पालिकाले विद्युत विस्तार कार्यक्रमको लागि विद्युत सामग्री खरिद गरेकोमा विद्युत सामग्रीको लागत अनुमान तयार गर्दा विद्युत प्राधिकरणसँग दर माग गरि तयार गर्नुपर्नेमा लागत अनुमान तयार नगरि मनिषा एस एस कन्स्ट्रक्सन प्रा लि सँग रु.१५०४०३५।१६ (मुल्य अभिवृद्धि कर वाहेक) मा सम्झौता गरी रु.१६८५५५९।०० भुक्तानि गरेको छ । विस्तृत लागत अनुमान तयार नगरि एकमुष्ठ लागत अनुमानको आधारमा वोलपत्र गर्नु नियम सम्मत देखिएन । | |
| ६७ | | | **जडान नभएको**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ वमोजिम खरिद भएको मालसामानको सार्वजनिक निकायले आपुर्ति भएको मालसामानको सम्झौतामा उल्लेख भए वमोजिमको स्पेशिफिकेशन तथा गुणस्तर वमोजिम प्राप्त भए नभएको सोको निरिक्षण तथा परिक्षण गराई मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले विद्युत सामग्री खरिद गरेकोमा उक्त सामानको स्पेशिफिकेशन तथा परिक्षण भएको प्रतिवेदन पेश हुन आएन । साथै उक्त सामान खरिद भएकोमा सोको जडान भएको समेत नदेखिएकोले उक्त सामानको गुणस्तर परिक्षण चेकजाँच भएको प्रमाण सहित जडान भएको प्रमाण पेश हुनुपर्ने रु | १,६८५,५५९ |
| ६८ | | | **फाइल पेश नभएको** | |
| ६८.१ | | | फाइल पेश नभएको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ वमोजिम सार्वजनिक निकायले खर्च लेख्दा उक्त खर्च पुष्टि हुने प्रमाण सहित लेखा राख्नुपर्दछ । पालिकाले नमुना विद्यालयको क्रमागत भवन | ७,०००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण गर्न विनायक माध्यमिक विद्यालयलाई रु.७० लाख निकासा दिएकोमा उक्त खर्चको ठेक्का फाइल लगायत विलभरपाई पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु. | |
| ६८.२ | | | कार्यक्रम कार्यान्वय पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११११२४४५ अननुसार नमुना विद्यालयको क्रमागत भवन निर्माण कार्यक्रमको विद्यालयलाई अनुदान दिदा पहिलो किस्ता सम्झौता भए पश्चात ३० प्रतिशत र दोस्रो किस्ता Structure part को कार्य सम्पन्न भए पश्चात ५० प्रतिशत र बाँकी कार्य सम्पन्न प्रतिवेदन तयार भए २० प्रतिशत रकम अनुदान दिने उल्लेख भएको मा पालिकाले निर्माण कार्यको मुल्यांकन नगरि एकमुष्ठ निकासा दिएको नियम सम्मत देखिएन । | |
| ६८.३ | | | भुवाचौर ठोके तरिया सठक निर्माण गर्न लागत अनुमान रु.२५६००२७।०० भएको निर्माण कार्य न्यून कवोल गर्ने न्यू अधिकारी कन्स्ट्रक्सन भौरवीसँग सम्झौता गरि कार्य गरि भुक्तानी गरेकोमा उक्त निर्माण व्यवसायी संगको ठेक्का सम्झौता फाइल पेश नभएको रु | १,१९२,७८५ |
| ६९ | | | **सोझै खरिद —** | |
| ६९.१ | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु. ११२३१२४३.०० को सोझै खरिद गरेको देखियो । यस्तै कार्य वोलपत्र माध्यमवाट खरिद गर्दा ५० प्रतिशत सम्म घटीमा कार्य भएकोले विभिन्न योजनाको प्याकेज वनाई वोलपत्र मार्फत कार्य गराउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ नं</td><td>योजनाको नाम</td><td>निर्माण व्यावसायी</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>२</td><td>ह्यूम पाइप खरिद</td><td>विनायक हार्डवेयर एण्ड अर्डर सप्लायर्स</td><td>४९८८७८</td></tr>
<tr><td>९</td><td>विघुत लाईन विस्तार</td><td>दुल्लु कन्स्ट्रक्सन प्रा लि</td><td>२८८१५०</td></tr>
<tr><td>४</td><td>वडा ७ को सडक सफाई</td><td>मनिष एस एस कन्स्ट्रक्सन</td><td>४३२०००</td></tr>
<tr><td>२१</td><td>ग्रामिण सडक मर्मत</td><td>मनिष एस एस कन्स्ट्रक्सन</td><td>७९१८४७</td></tr>
<tr><td>२१५</td><td>छोलिमगैरा लुजे रातिमाटा दत्तु सडक</td><td>मनिषा एस एस कन्स्ट्रक्सन</td><td>३०६१९९</td></tr>
<tr><td>२५</td><td>वडा २ को वाटो सफाई</td><td>दिक्षा एण्ड दिलिप कन्स्ट्रक्सन</td><td>४७२५००</td></tr>
<tr><td>७६</td><td>सरस्वती मा वि कृष्णकोटको फिल्ड निर्माण</td><td>एन के थापा कन्स्ट्रक्सन</td><td>९३७०३१</td></tr>
<tr><td>३०८</td><td>सरस्वती मा वि फिल्ड निर्माण</td><td>मिसन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि</td><td>४५२७१८</td></tr>
<tr><td>७१</td><td>बालेश्वर मन्दिर जाने बाटो ढलान</td><td>स्मृति एण्ड कम्पनी प्रा लि</td><td>९१७५६५</td></tr>
<tr><td>२८१</td><td>तियाडी प्रा वि भाटिना खम्ववाँडाडा चपेटा सडक</td><td>शुभ विहानी बोहोरा निर्माण सेवा</td><td>६६६३८२</td></tr>
<tr><td>२७९</td><td>वडा कार्यालय खडीकारुख छोलिमधारा सडक</td><td>पि के एण्ड कम्पनी</td><td>७५०६७९</td></tr>
<tr><td>१५७</td><td>रातिमाटा रानावाडा जुकेधारा सडक</td><td>पि के एण्ड कम्पनी</td><td>४६५५९२</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३४</td><td>विनायक शहरी स्वास्थ्य केन्द्र फिल्ड निर्माण</td><td>धुलेश्वर कन्स्ट्रक्सन प्रा लि</td><td>२८८८७७</td></tr>
<tr><td>२०७</td><td>कार्यालय भवन अगाडी मेसेनरी वाल</td><td>धुलेश्वर कन्स्ट्रक्सन प्रा लि</td><td>९२४८१७</td></tr>
<tr><td>२९४</td><td>पादे औदा सडक वडा ३</td><td>धुलेश्वर कन्स्ट्रक्सन</td><td>४६३५५९</td></tr>
<tr><td>२२६</td><td>आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माण</td><td>शिभिल निर्माण सेवा</td><td>४९०९०७</td></tr>
<tr><td>२२४</td><td>डुङ्गेश्वर गैडा दह सडक</td><td>द्रोणाअंचल कन्स्ट्रक्सन प्रा लि</td><td>२८४५६९</td></tr>
<tr><td>१५४</td><td>शान्तिबजार उकालो पालिकाल्ल सडक</td><td>जेसिका एण्ड अभियान कन्स्ट्रक्सन प्रा लि</td><td>४६४०८९</td></tr>
<tr><td>१५३</td><td>वडा नं १३ को वाटो मर्मत</td><td>सि के एम वि कन्स्ट्रक्सन</td><td>४६९९९९</td></tr>
<tr><td>१५१</td><td>प्राकृतिक स्रोत व्यवस्थापन कलेजको फिल्ड निर्माण</td><td>के पी कन्स्ट्रक्सन ग्रुप अफ कम्पनी</td><td>४७८८७७</td></tr>
<tr><td>१३२</td><td>चाउलेगाउ सिमगाउ दुल्लु सडक</td><td>मनिसा एस एस सप्लायसर्स</td><td>३८६००८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>११२३१२४३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९.२</td><td></td><td></td><td>सिमा भन्दा वढीको खरिद — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, व्यवस्था</td><td>४,४२३,५७०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत शिर्षकवाट वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु.४४२३५७०.०० को सोझै खरिद गर्दा तोकेको सिमाभन्दा वढी एकै निर्माण व्यवसायीवाट खरिद गरेको देखिएकोले नियम सम्मत नदेखिएको रु | |

| भौ नं | योजनाको नाम | निर्माण व्यावसायी | भुक्तानी रकम |
|---|---|---|---|
| ४ | वडा ७ को सडक सफाई | मनिष एस एस कन्स्ट्रक्सन | ४३२००० |
| २१ | ग्रामिण सडक मर्मत | मनिष एस एस कन्स्ट्रक्सन | ७९१८४७ |
| २१५ | छोलिमगैरा लुजे रातिमाटा दत्तु सडक | मनिषा एस एस कन्स्ट्रक्सन | ३०६१९९ |
| २७९ | वडा कार्यालय खडीकारुख छोलिमधारा सडक | पि के एण्ड कम्पनी | ७५०६७९ |
| १५७ | रातिमाटा रानावाडा जुकेधारा सडक | पि के एण्ड कम्पनी | ४६५५९२ |
| २३४ | विनायक शहरी स्वास्थ्य केन्द्र फिल्ड निर्माण | धुलेश्वर कन्स्ट्रक्सन प्रा लि | २८८८७७ |
| २०७ | कार्यालय भवन अगाडी मेसेनरी वाल | धुलेश्वर कन्स्ट्रक्सन प्रा लि | ९२४८१७ |
| २९४ | पादे औदा सडक वडा ३ | धुलेश्वर कन्स्ट्रक्सन | ४६३५५९ |
| | जम्मा | | ४४२३५७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **ढुवानी दरः**<br><br>*✂ ..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु. ३६०० ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ७१ | | | **मेशिन भाडाः**<br><br>पालिका र मनिषा एस एस कन्स्ट्रक्सन बिच २०७७।०६।२० मा भएको सम्झौता अनुसार पालिका अन्तर्गतका मूख्य मूख्य सडक मर्मत सम्भारका लागि व्याकहो लोडर प्रतिघण्टा मू अ कर बाहेक रु ९५० र ट्रिपर प्रतिदिन कर बाहेक रु ९५००।०० का दरले मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने गरी सम्झौता भएको पाईयो । सम्झौताको दोस्रो पक्षले पालना गर्नुपर्ने शर्त नं ३ मा सडक मर्मत सम्भार गर्दा कुन वडामा काम गर्ने हो सोको जनप्रतिनिधि र प्राविधिक सँग समन्वय गरी मर्मत सम्भार गर्नुपर्ने, मर्मत सम्भार गरेपछि ट्रिपर तथा व्याकहो लोडर प्रयोग घण्टाको लगबुक राख्नुपर्ने, मर्मत स्थान खुलाई मेशिनले काम गर्दा सुरु रिडिङ्ग र अन्तिम रिडिङ्ग समेत उल्लेख गरी वडा अध्यक्ष र प्राविधिकबाट प्रमाणित गराउनुपर्ने शर्त रहेको छ । २०७७ मंसिर मसान्त सम्मका लागि गरिएको उक्त सम्झौता यस वर्ष भुक्तानी गर्दा शर्त अनुसारका प्रमाणित कागजात संलग्न नगरी प्राविधिकबाट नापजाँचका आधारमा रु.७,९९,८४७।०० भुक्तानी गरेको छ । उक्त कार्यको लागि इन्धन पालिकाबाट उपलब्ध गराउने सम्झौता अनुसार ट्रिपर र लोडरको क्षमता अनुसार लाग्ने नर्म्स अनुसार इन्धन खपत भएको प्रमाण सहित शर्त अनुसार चलेको मिटर रिडिङ्ग, घण्टा, लगबुक र कामको उपलब्धी समेत भिडान हुने गरी प्रमाण पेश नभएमा शर्त पालना बेगर भुक्तानी दिनेबाट असुल गर्नुपर्ने रु | ७९९,८४७ |
| ७२ | | | **नन्फाइलर** | ५८३,७८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. ५८३७८६.१ समेत रु.५०७४४६८.५ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु. | |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| ४०५-०७८।१२।३० | जय विन्द्रासैनी इलोक्ट्रोनिक्स एण्ड अर्डर सप्लायर्स | ६०५०१५२३६ | २६९१४१७। | ३०९६३२ | ०७८।M ।४ |
| १८०-०७८।०९।२० | | ६०५०१५२३६ | ५८१४४।१५ | ६६८९.१५ | ०७८।M ।४ |
| २७०-०७८।१०।२६ | | ६०५०१५२३६ | २३३९१ | २६९१ | ०७८।M ।४ |
| ७०६-०७९।०३।२४ | | ६०५०१५२३६ | ८९६३२६ | १०३११६ | ०७८।M ।४ |
| ५२१-०७९।०३।०२ | धमाका राष्ट्रिय दैनिक | ३००८१९८४९ | ११०२६९।३ | १२६८५.८५ | ०७८।M ।८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५२१-०७९।०३।०२</td><td>सक्षम अफसेट प्रेस</td><td>३००८१९८४९</td><td>६३४६०</td><td>७३००</td><td>०७८।M।८</td></tr>
<tr><td>३८०-०७८।१२।२५</td><td>हिमानी</td><td>३०४३८१३६४</td><td>१९६६२०</td><td>२२६२०</td><td>०७८।M।११</td></tr>
<tr><td>१४</td><td>शिभिल निर्माण सेवा</td><td>३०००२६२३८</td><td>१०३४८४१</td><td>११९०५२</td><td>२०७८ साउन</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५०७४४६८.५</td><td>५८३७८६.१</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.५३४६४२९।०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ७५ | | | **नरेश्वर उज्ञशिल विद्यालय प्रभुस्थान**<br><br>नरेश्वर उज्ञशिल विद्यालयको भवन निर्माण गर्न लागत अनुमान रु.७३३९८५९।०० भएको ६ कोठे भवनको लागि संघिय सरकारको शैक्षिक सुधार कार्यक्रमवाट रु.३६ लाख तथा प्रदेश शसर्तवाट रु.३० लाख व्यहोर्ने गरि लाभग्राही सामुदायवाट निर्माण कार्य गर्ने सम्झौता भएकोमा सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ७५.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३) वमोजिम ६० लाख भन्दा वढीको लागत अनुमान भएको निर्माण कार्य लाभग्राही सामुदायवाट गराउदा प्रत्येक इकाइमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान उल्लेख गरि सम्झौता गर्नुपर्दछ । पालिकाले उक्त विद्यालयको निर्माणमा लाभग्राही सामुदायले व्यहोर्ने एकमुष्ठ योगदान कायम गरि सम्झौता गरेको देखिएकोले नियममा भएको व्यवस्था विपरित सम्झौता भएको छ । | |
| ७५.२ | | | उक्त भवनको असार मसान्तसम्म संघिय तर्फको रु.२११४४०।०० तथा प्रदेश शसर्तको रु.३००००००।०० गरि कुल रु.५२११४४०।०० भुक्तानी भएकोमा लेखापरीक्षण अवधिमा फिल्ड अनुगमन गर्दा भवन प्लाष्टर हुदै गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | देखिएकोले असार मसान्तामा पेश भएको विल कार्य नभई प्राविधिकले नापजाँच नगरि विल वनाएको र भुक्तानी गरेको देखिएकोले छानविन गरि निर्माण नभई विल वनाउने प्राविधिकलाई कारवाही हुनुपर्दछ । | |
| ७५.३ | ७१ | | वायोग्यास प्लान्ट — सार्वजनिक रकम खर्च गर्दा उक्त खर्चको प्रभावकारीता तथा लाभ लागतको समेत विचार गरि खर्च लेख्नुपर्दछ । नरेश्वर उद्यमशिल विद्यालयमा वायोग्यास प्लाण्ट जडान गरे वपात के पी व्यवसायीक सेवालाई रु.९४९२१५।०० भुक्तानी गरेको छ । लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा उक्त प्लान्ट हालसम्म पनि प्रयोगमा नआएको साथै संचालन गर्न आवश्यक पर्ने गोवर तथा कुहिने फोहोर के कहाँवाट ल्याउने सोको व्यवस्थापन भएको देखिएन । उक्त स्थानमा भैसी पालन गर्न पालिकावाट थप वजेट समेत गएको अवस्थामा भैसी राख्ने पुर्वाधार तयार गरे तापनि भैसी नभएको र सो सम्वन्धमा कार्यालय प्रमुखले भैसीको घासको अभाव भएकोले अन्त पठाएको जनाएको छ । यसरी प्रयोगमा ल्याउन नसकिने योजनामा भएको खर्चले आर्थिक व्ययभार मात्र भएको देखिएकोले उक्त खर्च निमयसम्मत नदेखिएको रु | ९७१,५०५ |
| ७५.४ | २२५ | | ट्याक्टर पानी टयङ्की खरिद — सरकारी सम्पत्ति खर्च गर्दा सोको प्रभावकारीता विचार गरि मात्र खर्च गर्नुपर्दछ । पालिकाले विद्यालयका लागि टयाक्टर पानी टयाङ्की खरिद गरि विद्यालयमा हस्तान्तरण गरेकोमा उक्त सामान विद्यालय अनुगमनको क्रममा नदेखिएको र पालिकाको केन्द्र रहेको बजारमा राखेको देखियो । विद्यालयमा उपयोग भएको नदेखिएको टयाक्टरको पानी टयाङ्की के प्रयोजनमा खरिद भएको हो सोको पुष्टि हुने आधार वेगर खरिद गरी धुलेश्वर कन्स्ट्रक्सन प्रा लि लाई रु.३८४२००।०० भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु. | ३८४,२०० |
| ७६ | | | **प्रशासकिय भवन** -<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० वमोजिम लागत अनुमान तयार गरि मात्र उक्त कार्यो वोलपत्र गर्नुपर्दछ । पालिकाले प्रशासकिय भवनको माथिल्लो तला थप तथा लिफ्ट जडान गर्न नापजाँच गरि सोको लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले नापजाँच नगरी विभिन्न आइटमको परिमाण मात्र राखि लागत अनुमान | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.१८२१६६४२।०० (मुल्य अभिवृद्धि कर वाहेक) तयार गरी वोलपत्र गरेको छ । सो सम्वन्धमा प्राविधिकले भवनको डिपिआर वाट लिएको जनाए तापनि लेखापरीक्षणमा डिपिआर पेश हुन आएन । बोलपत्र मार्फत उक्त निर्माण कार्य नन्जिला एण्ड आकंक्षा कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग रु.१५९८३६६३।५० (मुल्य अभिवृद्धि कर वाहेक) मा म्याद थप समेत २०७८।३।५ सम्पन्न गर्ने गरि सम्झौता भएकोमा हाल सम्म रु.१३०२०९१२।५०(मुल्य अभिवृद्धि कर वाहेक) भुक्तानी भएको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ७६.१ | | | स्पेशिफिकेशन वेगर वोलपत्र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ वमोजिम खरिद भएको मालसामानको सार्वजनिक निकायले आपुर्ति भएको मालसामानको सम्झौतामा उल्लेख भए वमोजिमको स्पेशिफिकेशन तथा गुणस्तर वमोजिम प्राप्त भए नभएको सोको निरिक्षण तथा परिक्षण गराई मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले प्रशासनिक भवनको लागि आवश्यक फर्निचर खरिदका लागि निर्माणकार्यकै वि ओ क्यूमा समावेश भएकोमा उक्त सामानको विस्तृत स्पेशिफिकेशन तयार गरेको देखिएन । साथै उक्त सामग्रीको भुक्तानी गर्दा सोको स्पेशिफिकेशन तथा गुणस्तर नाँपजाच नगरी भुक्तानी हुनुको साथै उक्त सामान जिन्सी आम्दानी समेत नजनाएकोले उक्त सामानको स्पेशिफिकेशन तथा परिक्षण भएको प्रतिवेदनका साथै पालिकाको जिन्सी आम्दानीमा अभिलेख जनाउनु पर्दछ । | |
| ७६.२ | | | **बिल भुक्तानी —**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १(ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा निर्माण कार्यको भुक्तानी गर्नपर्दछ । पालिकाले प्रशासकिय भवनको विल रु ६६,८५,४४१।०० भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको नापजाँच नगरि भुक्तानी गरेको छ । नापजाँच नगरी भुक्तानीको लागि विल उठाउने तथा सिफारिस गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ । साथै निर्माण कार्यको भवनको नाँपजाँच गरी नापी किताव पेश गर्नुपर्ने रु. | ६,६८५,४४१ |
| ७६.३ | | | म्याद थप — सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ को वमोजिम निर्माण व्यवसायको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक | १,५९८,३६६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निकायलाई दैनिक शुन्य दशमलव शुन्य पाँच प्रतिशत वा अधिक्तम १० प्रतिशत हर्जाना तिर्नुपर्ने उल्लेख छ ।कार्यालय भवनको म्याद २०७८।३।५ मा नै सकिएको देखिएको तत्पश्चात म्याद थप समेत नमागेको र कार्य पनि नगरेकोले नियमावली अनुसार १० प्रतिशतले रु. १५९८३६६।०० हर्जना लाग्ने गरि म्याद थप गर्नुपर्न रु | |
| ७७ | | | **सरस्वति माध्यमिक विद्यालय कृष्णकोट भवन निर्माण —**<br><br>सरस्वति मा वि कृष्णकोटमा ६ कोठे भवन निर्माण गर्न पालिकाले लागत अनुमान रु.१४०००० ७७।८२ भएकोमा इ विड मार्फत छनौट भएको नान्जिलिना एण्ड आकंक्षा । के.पी. जेभी विरेन्द्रनगरसँग रु.८५२८१०५।०० (मुल्य अभिवृद्धि कर वाहेक) मिति २०७९।२।२६ मा सम्झौता भएको देखिन्छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ७७.१ | | | **काम नभई रनिङ विल भुक्तानी-** सार्वजनिक खरिद निमयालवी २०६४ को नियम १२३ को १ ख वमोजिम सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिकले नापजाँच गरि नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्दछ । पालिकाले उक्त निर्माण कार्यको सम्झौता मिति २०७९।२।२६ मा भएकोमा प्रथम रनिङ्ग विल मिति २०७९।३।२१ अर्थात एक महिना नपुग्दै प्राविधिकले रु.६८०६३८२।७५ को विल तयार पारेकोमा रु.४१५००००।०० भुक्तानी भएको छ । भवन निर्माण जस्ता कार्यको सम्झौता भएको एक महिना भित्र ८० प्रतिशत कार्य भएको मुल्यांकन गरेको छ भने बाँकी कार्य २० प्रतिशत तत्पश्चात ६ महिना वितिसक्दा (लेखापरीक्षण अवधि २०७९।८।२० सम्म) पनि सम्पन्न भएको नदेखिएकोले प्रथम रनिङ्ग विल वापतको रकम कार्य नहुदै गलत नापी पेश गरि भुक्तानी भएको देखिन्छ । यसरी कार्य नभई गलत नापजाँच गर्ने प्राविधिक तथा स्वीकृत गर्ने पदाधिकारीलाई कारवाही गर्नुपर्दछ । उक्त रकमको तयार भएको कार्य सम्पन्न प्रतिबेदन, निर्माण सम्पन्न माईन्यूट, फोटो लगायत निर्माण कार्य पुरा भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा उक्त रकम असूल गरि संघिय संचित कोषमा दाखिला गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७७.२</td><td></td><td></td><td>भुक्तानी –<br><br>✂ .......... (प्रारम्भिक प्रतिवेदनको सैद्धान्तिक दफा मिति २०७९।१२।१७ को निर्णयबाट सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>७७.३</td><td></td><td></td><td>वि ओ क्यूमा मोटरसाइकल खरिद –<br><br>✂ .......... (प्रारम्भिक प्रतिवेदनको सैद्धान्तिक दफा मिति २०७९।१२।१५ को निर्णयबाट सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>पूर्व निर्धारित क्षतिपुर्ती<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ को वमोजिम निर्माण व्यवसायको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई दैनिक शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले हर्जाना तिर्नुपर्ने उल्लेख छ । पालिकामा निम्न योजनाको ठेक्काको म्याद भित्र कार्य सम्पन्न नभई ढिलो कार्य भएको देखिएकोले नियमानुसार पूर्व निर्धारित क्षतिपुर्ती असूल हुनुपर्ने रु.<table><tr><td>भौ नं</td><td>योजना</td><td>निर्माण व्यवसाय</td><td>सम्झौता रकम</td><td>कार्य सम्पन्न हुनुपर्ने</td><td>कार्य सम्पन्न भएको मिति</td><td>ढिलो भएको अवधि</td><td>क्षतिपुर्ती रकम</td></tr></table></td><td>२७९,८०३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४७</td><td>पशु विज्ञान प्रयोगशाला भवन</td><td>सफल निर्मा सेवा</td><td>१३५९८९७</td><td>२०७९।२।१५</td><td>२०७९।३।२</td><td>१७ दिन</td><td>११५५९</td></tr>
<tr><td>२२६</td><td>वडा नं १ को स्वास्थ्य भवन</td><td>शिभिल निर्माण सेवा</td><td>२१०६७८०</td><td>२०७८।११।३०</td><td>२०७९।१।१०</td><td>४० दिन</td><td>४२१३५</td></tr>
<tr><td>१६१</td><td>वडा नं ६ स्वास्थ्य भवन</td><td>नान्जिला एण्ड आकंक्षा कन्स्ट्रक्सन</td><td>२५१२३२६</td><td>२०७८।१।२५</td><td>२०७८।८।२६</td><td>१८० दिन</td><td>२२६१०९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>२७९८०३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>नरसिंहडाडा रिठारुख सातखम्वा लिफ्टिङ खानेपानी —<br><br>सार्वजनिक निकायले योजना संचालन गर्दा वार्षिक खरिद योजना तथा गुरुयोजना अनुसार स्रोत सुनिश्चित गरेर मात्र निर्माण कार्यको ठेक्का व्यावस्थापन गर्नुपर्दछ । पालिकाले गाइखुरे नरसिंहडाँडा रिठारुख सातखम्वा लिफ्टीङ्ग खानेपानी निर्माण गर्न निर्माण व्यवसायी नान्जिला एण्ड आकंक्षा/ मजदुर जे.भी.संग रु.१,७०,१९,४२९।२९ (मुल्य अभिवृद्धि कर वाहेक) मा कार्य गर्ने गरि मिति २०७६।३।६ मा सम्झौता भएकोमा म्याद थप समेत २०७७।९।३० भित्र कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ । उक्त कार्यको तेस्रो रनिङ्ग विल सहित हालसम्म रु.१,१४,७५,७४४।- भुक्तानी भएको छ । तत् पश्चात उक्त निर्माण कार्य अलपत्र रहेको देखिन्छ । उक्त निर्माण कार्यको कार्यसम्पादन जमानत तथा ठेक्काको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | म्याद सकिएको सम्वन्धमा कार्यालयले छानविन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ अनुसार पूर्व निर्धारित क्षतिपुर्ति लगायतको बिकल्प अपनाई निर्माण कार्य सम्पन्न गराउनु पर्दछ । | |
| ८० | | | **पर्खाल निर्माणः**<br><br>*✄ ...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. २४१११९ ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ८१ | | | **निर्माण कार्यको अग्रीम भुक्तानी** | |
| ८१.१ | | | **निर्माण कार्य गलत नाँप**:<br><br>*✄ ...........(प्रारम्भिक प्रतिवेदनको सैद्धान्तिक दफा मिति २०७९।१२।१५ को निर्णयबाट सम्परीक्षण गरिएको ।)* | |
| ८१.२ | | | **काम बेगर भुक्तानी**: सार्वजनिक खरिद निमयालवी, २०६४ को नियम १२३ को (१ख) वमोजिम सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिकले नाँपजाच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्दछ । पालिकाले निम्नानुसारको निर्माण कार्यको भुक्तानी गर्दा भवन निर्माण जस्ता कार्यको सम्झौता भएकोमा भुक्तानी गर्दा उक्त कार्य विल पेश भएको समयमा नभएको देखिएकोले कार्य नभई अग्रिम रुपमा नाँपजाच गर्ने प्राविधिकलाई कारवाही गर्नुपर्दछ । साथै अग्रिम भुक्तानी भएको रकमको कानून वमोजिम १० प्रतिशत व्याज समेत असूल गरी कार्य सम्पन्न प्रतिवेदन, निर्माण सम्पन्न माईन्यूट, फोटो लगायत निर्माण कार्य पुरा भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा उक्त रकम असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु | ४,१३४,३९८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि नं</th><th>योजना</th><th>सम्झौता मिति</th><th>सम्झौता रकम</th><th>विल भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>शिरस्थान मन्दिर निर्माण</td><td>२०७८।२।१७</td><td>८४२८४४२</td><td>२३४२४९३</td><td>फिल्ड अनुगमनको क्रममा कार्य भएको नदेखिएको</td></tr>
<tr><td>३</td><td>हनुमान आधारभूत विद्यालय, बसपानी पादुका उपभोक्ता समिति</td><td></td><td></td><td>१७९१९०५</td><td>कार्य सम्पन्न २०७९।३।१५ मा जनाए तापनि सिमेन्ट सरिया खरिदको विल २०७९।३।१० तथा इटा ढुवानी २०७९।३।१९ मा गरेको भनि भाडा रु १३००००।०० भएकोले कार्य सम्पन्न नहुदै भुक्तानी भएको देखिन्छ</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४१३४३९८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८१.३</td><td></td><td></td><td>कार्य सम्पन्न नभई भुक्तानीः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ०७८।७९ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ११ १ २ ४४५ को ८।२ मा भवन निर्माण अनुदान दिदाँ क्रमश ३०,५०,२० प्रतिशत निकासा दिनुपर्ने र असाढ १५ भित्र निर्माण कार्य सम्पन्न गरि कार्य सम्पन्न प्रतिबेदन प्रमाणित गरिसक्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले कोभिड १९ लगायत विविद्य कारण समयमा निर्माण कार्य सम्पन्न नगर्ने विद्यालयहरुलाई कार्य प्रगति अनुसार फुकुवा हुने गरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा पठाउने मा मन्त्रीस्तरिय निर्णय भएको जनाई च.नं. २२५ मिति २०७९।०३।१७ मा परिपत्र गरेको आधारमा विद्यालयहरुलाई निकासा दिएको छ । उक्त निर्माण</td><td>१,८००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यको प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गरेको छ । उक्त अनुदान रकमको तयार भएको कार्य सम्पन्न प्रतिबेदन, निर्माण सम्पन्न माईन्यूट, फोटो लगायत निर्माण कार्य पुरा भएको प्रमाण पेश गर्नु पर्ने रु</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>विषेश अनुदान<br><br>अर्थ मन्त्रालय विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ८(२) मा उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनामा विशेष अनुदान वापत प्राप्त रकम खर्च गर्न नपाइने उल्लेख छ । पालिकाले पञ्चकोशी पर्यटन पूर्वाधार विकास कार्यक्रमको लागि प्राप्त वजेटवाट पालिकाले बोलपत्र नगरी विभिन्न १० उपभोक्ता समितिबाट रु. ६२,४१,१२४।- र ८ वटा कोटेशनमार्फत रु.५३,५३,२३०।- गरी कुल रु.१,१५,९४,३४५।- खर्च गरेको छ । संघीय विशेष अनुदान अन्तर्गत प्राप्त भएको रकम वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा विभिन्न १८ योजनामा टुक्रा पारी उपभोक्ता तथा कोटेकशनमार्फत खरिद गरेको नियम सम्मत नदेखिएको रु.<br><br>
<table>
<tr><td colspan="7">पञ्चकोशी पर्यटन पूर्वाधार विकास कार्यक्रम</td></tr>
<tr><td>सि.नं.</td><td>मिति</td><td>भौ. नं.</td><td>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</td><td>विवरण</td><td>डेबिट</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>१२/२४/२०७८</td><td>७</td><td>पञ्चकोशी पर्यटन पूर्वाधार विकास कार्यक्रम</td><td>हाम्रो जनरल स्टोर्स</td><td>१,०१ ,१६५</td><td>०</td></tr>
<tr><td>२</td><td>१२/३०/२०७८</td><td>८</td><td>लाङगाली सामुदाइक भवन निर्माण दुल्लू न.पा. ११ -</td><td></td><td>५,०० ,०००</td><td>०</td></tr>
</table></td><td>११,५९४,३४५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ०२/२३/२०७९ | १२ | लाङघाली सामुदायिक भवनमा शौचालय निर्माण दु न पा ११ - | | २,५० ,००० | ० | |
| ४ | ०३/०२/२०७९ | १८ | पञ्चकोशी पर्यटन पूर्वाधार विकास कार्यक्रम | पि के एण्ड कम्पनी | ९,६७ ,८५२ | ० | |
| ५ | ०३/०७/२०७९ | २३ | रूमालथान प्रतिक्षालय निर्माण योजना दु न पा ११ - | | ५,०० ,००० | ० | |
| ६ | ०३/१३/२०७९ | २५ | कालिका भैरव मन्दिर जानेबाटो पि सि सि दु न पा ७ - | | ४,९१ ,८२८ | ० | |
| ७ | ०३/२१/२०७९ | ४४ | राइढुङगा शिवालय शौचालय तथा खानेपानी निर्माण समिति दु न पा १२ - | | ९,७२ ,३८५ | ० | |
| ८ | ०३/२२/२०७९ | ४९ | देउती मन्दिर पर्खाल तथा घेराबार निर्माण समिति दु न पा ४ - | | ५,०० ,००० | ० | |
| ९ | ०३/२२/२०७९ | ५० | दुधेमालिका मन्दिर निर्माण समिति दु न पा ४ - | | ८,०० ,००० | ० | |
| १० | ०३/२२/२०७९ | ५१ | महाबै जगनाथ थान निर्माण समिति दु न पा ८ - | | १,९५ ,५५५ | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ११ | ०३/२३/२०७९ | ६२ | पाब्रीखााल हाडेचौर काफलदुवाला चौरासे पदमार्ग निर्माण | शुभकृति कन्स्ट्रक्सन - | १०,०० , ००० | लागत अनुमान तयार नभएको | |
| | | | १२ | ०३/२३/२०७९ | ६३ | पञ्चकोशी क्षेत्रको पर्यटकिय नक्सा निर्माण कार्यका लागि | रेनु इन्जिनियरिङ प्रा लि काठमाडौ - | ४,९३ ,८३० | लागत अनुमान तयार नभएको | |
| | | | १५ | ०३/२३/२०७९ | ६६ | दहस्थान शिवालय निर्माण योजना दु न पा ३ - | | ५,०० ,००० | ० | |
| | | | १६ | ०३/२३/२०७९ | ६७ | तस्तीमा आदीभूमिको पुस्तक छपाई | दुल्लुखबर विरेन्द्रबजार | ४८०२५० | १००० थान पुस्तक छपाई भएकोमा वितरण नभई मौज्दात रहेको | |
| | | | १८ | | | तस्तीमा पंचकोशी क्षेत्रको पुस्तक छपाई | दुल्लुखबर विरेन्द्रबजार | ४८५९०० | १००१ थान पुस्तक छपाई भएकोमा वितरण नभई मौज्दात रहेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | | | ज्वाला पहाडको लोकगित पुस्तक | डेभलेप इन्भेस्टिगेशन एण्ड कन्सल्टेन्सी | ४९८८९५ | १००२ थान पुस्तक छपाई भएकोमा वितरण नभई मौज्दात रहेको | |
| २० | | | पंचकोशी तिर्थमार्ग पदमार्ग पुस्तक | डेभलेप इन्भेस्टिगेशन एण्ड कन्सल्टेन्सी | ४९९४६० | १००३ थान पुस्तक छपाई भएकोमा वितरण नभई मौज्दात रहेको | |
| २१ | ०३/२३/२०७९ | ७० | रिजु विन्ध्यावासिकनी माइमन्दिर पुर्वाधार निर्माण योजनासँग | मिसन कन्स्ट्रक्सन प्रा लि - | ९,२२ ,३३० | ० | |
| २२ | ०३/२३/२०७९ | ७१ | बालेश्वर मन्दिर जाने बाटो आर सि सि योजना | स्मृति एण्ड कम्पनी प्रा लि - | ९,७२ ,५६५ | ० | |
| जम्मा | | | | | १,१५ ,९४ , ३४५ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>

**प्रदेश समपुरक**

प्रदेश सरकारको समपुरक कार्यक्रम अन्तरगत पालिकामा निम्नानुसार २ योजनामा कुल रु.१ करोड १० लाख वजेट विनियोजन भएकोमा पालिकाले रु.१ करोड ५ लाख खर्च गरेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।

<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>विनियोजन (रु. हजारमा)</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>सरस्वती मा.वि. कृष्णकोट भौतिक पुर्वाधार निर्माण योजना दुल्लू ४</td><td>५०, ००</td><td>५०, ००</td></tr>
<tr><td>२</td><td>दुल्लू अस्पताल भौतिक पुर्वाधार निर्माण</td><td>६०, ००</td><td>५४, ७६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१, १० , ००</td><td>१, ०४ , ७६</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>८३.१</td><td></td><td></td><td>

**सरस्वती मा. वि. कृष्णकोट भवन निर्माण**

***.......... (प्रारम्भिक प्रतिवेदनको सैद्धान्तिक दफा मिति २०७९।१२।१५ को निर्णयबाट सम्परीक्षण गरिएको ।)***

</td><td></td></tr>
<tr><td>८३.२</td><td></td><td></td><td>प्रदेश समपुरक अनुदानमा संचालन हुने योजनामा प्रदेशवाट ६० प्रतिशत प्रदेश सम्पुरक र ४० प्रतिशत स्थानीय संचितकोषवाट भुक्तानी गर्नुपर्दछ । पालिकाले सरस्वती मा.वि. कृष्णकोट भवन निर्माणको प्रथम रनिङ विल</td><td>१,६६०,००० </td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौच<br>र<br>नम्ब<br>र</th><th>भौचर<br>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रु.४१,५०,०००।- भुक्तानी गर्दा शत प्रतिशत प्रदेश समपुरकवाट खर्च लेखेकोले भुक्तानी भएको रकमको ४० प्रतिशत प्रदेश संचित कोषमा सोधभर्ना हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>८३.३</td><td></td><td></td><td>प्रदेश समपुरक अनुदान प्राप्त रकम प्रदेश सरकारले तोकेको योजनामा मात्र खर्च गर्नुपर्दछ । पालिकाले सरस्वती मा. वि. कृष्णकोट भवन निर्माणको लागि प्राप्त ५० लाख मध्ये ८ लाख ५० हजार संघीय सरकारको निकासा विशेष कार्यक्रम सरस्वती मा वि कृष्णकोटलाई भुक्तानी गरेको देखिएको छ ।</td><td></td></tr>
<tr><td>८३.४</td><td></td><td></td><td>दुल्लू अस्पताल भौतिक पुर्वाधार निर्माण:प्रदेश समपुरक अनुदानमा संचालन हुने योजनामा प्रदेशवाट ६० प्रतिशत प्रदेश सम्पुरक र ४० प्रतिशत स्थानीय संचितकोषवाट भुक्तानी गर्नुपर्दछ । पालिकाले दुल्लु अस्पताल भौतिक पुर्वाधार निर्माणको शत प्रतिशत प्रदेश समपुरक कोषवाट भुक्तानी गरेको देखिएकोले रु.५४,७६,५५४।- रकमको ४० प्रतिशत हुने रु.२१,९०,६२१।६० प्रदेश संचित कोषमा सोधभर्ना हुनुपर्ने रु.</td><td>२,१९०,६२<br>१</td></tr>
<tr><td>८३.५</td><td></td><td></td><td>कर्णाली प्रदेश समपुरक अनुदान कार्यविधि, २०७५ को दफा ६(ज) मा कुल लागत रु. ४० लाख भन्दा कमको योजनाको लागि समपुरक अनुदान उपलब्ध नगराउने तथा दफा १३(२) मा योजना तथा कार्यक्रमको ठेक्का प्रकृया पारदर्शी र प्रतिस्पर्धात्मक रुपमा गर्न ई-बिडिङ्गमार्फत खरिद कार्य गर्नुपर्दछ । पालिकाले दुल्लू अस्पताल भौतिक पुर्वाधार निर्माण कार्यक्रमको लागि प्राप्त वजेटवाट बोलपत्र नगरी विभिन्न ७ वटा कोटेशनमार्फत निम्नानुसार कार्य गराई रु.५४,७६,५५४।- खर्च गरेको छ । उक्त खर्च मध्ये प्रदेश संचितकोषवाट रु.३२,८५,९३३।- र पालिकावाट रु.२१,९०,६२१।- व्यहोर्नुपर्नेमा सम्पूर्ण रकम प्रदेश संचित कोषवाट खर्च गरेको छ । ठेक्का मार्फत निर्माण गर्नुपर्ने कार्य कोटेशन मार्फत खरिद गरेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><td colspan="6">दुल्लू अस्पताल भौतिक पुर्वाधार निर्माण अन्तरगत संचालन भएको योजनाको विवरण निम्नानुसार छन ।</td></tr>
<tr><td>सि.नं.</td><td>मिति</td><td>भौ. नं.</td><td>कार्यक्रम/ क्रियाकलापको नाम</td><td>निर्माण व्यवासयी</td><td>खर्च रकम</td></tr>
</table></td><td>३,२८५,९३<br>३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>०३/२२/२०७९</td><td>२८६</td><td>आइसोलेशन भवनमा विद्युत जडान</td><td>धुलेश्वर कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा लि</td><td>४८३३१८</td></tr>
<tr><td>२</td><td>०३/२२/२०७९</td><td>२८९</td><td>क्यान्टिन घर निर्माण</td><td>के.पि. कन्स्ट्रक्सन ग्रुप अफ प्रा.लि. चामुण्डा</td><td>९७८३५५</td></tr>
<tr><td>३</td><td>०३/२२/२०७९</td><td>२९०</td><td>आइसोलेशन डिस्पोजवल किट निर्माण ट्रस भवन</td><td>शिवम कन्स्ट्रक्सन वि.न.पा. सुर्खेत -</td><td>४७३१९०</td></tr>
<tr><td>४</td><td>०३/२२/२०७९</td><td>२९३</td><td>ह्युम पापइप जडान र फिल्ड निर्माण -</td><td>के सि निर्माण सेवा</td><td>९७६७८०</td></tr>
<tr><td>५</td><td>०३/२३/२०७९</td><td>२९५</td><td>ल्याव भवन देखि इमरजेन्सीसम्मको नाला निर्माण</td><td>जि टि कन्स्ट्रक्सन प्रा लि वि न पा ७ सुर्खेत</td><td>१००००००</td></tr>
<tr><td>६</td><td>०३/२३/२०७९</td><td>२९८</td><td>दुल्लू अस्पतालमा पोष्टमार्टम घर हुदै आइसोलेसन भवनसम्म जानेबाटो निर्माण</td><td>ज्वाला पञ्चकोशी निर्माण -</td><td>९८३९८६</td></tr>
<tr><td>७</td><td>०३/२३/२०७९</td><td>३००</td><td>दुल्लू अस्पतालको आइसोलेशन भवनको रंगरोगवन</td><td>ग्रेट एम्पाएर कन्स्ट्रक्सन -</td><td>५८०९२५</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ५४७६५५४ | |
| ८४ | | | **विमा बेगर निर्माण**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ वमोजिम बीस लाख रुपैया भन्दा वढी मूल्यको निर्माण कार्यको निर्माण व्यवसायीले अनिवार्य रुपमा विमा गर्नुपर्ने व्यास्था छ । पालिकाले सवैजसो योजना विमा नगरि संचालन गरेको छ । विमा नगरि निर्माण कार्य संचालन गर्दा भैपरि आउने तथा विपदवाट हुने क्षतिको क्षतिपुर्ती नहुने भएको तथा निर्माण कार्य अलपत्र पर्न सक्ने हुनाले २० लाख भन्दा वढीको हरेक योजनामा विमा गर्नुपर्दछ । | |
| ८५ | | | **शिर्षक फरक पारी खर्च लेखेकोः**<br><br>आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शिर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने र महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्य, २०७४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । सरकारी कामको सिलसिलामा आवश्यक पर्ने परामर्श तथा अन्य सेवाहरु प्राप्त वा खरिद गर्नको लागि भुक्तानी गरिने शुल्क तथा सेवा शुल्क सम्बन्धि खर्च परामर्श र अन्य सेवा शुल्कमा समावेश गरी भुक्तानी गर्नुपर्नेमा व्यवस्था छ । करार सेवा तर्फबाट पारिश्रमिक सुविधा उपलब्ध गराउनुपर्नेमा करार सेवा तर्फका कर्मचारीको तलब भत्ता कर्मचारी पारिश्रमिक शिर्षकमाबाट भुक्तानी गरेको छ । पालिकाले परामर्श र करार सेवा शुल्क शिर्षकमा रकम छुट्याएको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६ | | | **जेष्ठ नागरिक सम्मानः**<br><br>कार्यक्रमको खर्च गर्दा पारदर्शी तगा सहभागिमुलक र मितव्ययी तरिकाले खर्च गर्नुपर्दछ । पालिकाले स्वास्थ्य शाखाको बजेटमा जेष्ठ नागरिक सम्मान शिर्षकमा रु १ लाख बजेट विनियोजन गरेकोमा जेष्ठ नागरिकहरुलाई रु २५०० को दरले नगद वितरण गरेकोमा सोको सार्वजनिक सूचना तथा नगद वितरणको छनौट आधार स्पष्ट देखिएन । वितरणमुखि कार्यक्रम गर्दा पालिका अन्तर्गत सबै जेष्ठ नागरिकको अपनत्व हुनेगरी संचालन गर्नुपर्दछ । | |
| ८७ | | | **स्थानिय तथा मंहगि भत्ताः**<br><br>करार संझौता गर्दा तलब, पर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा छ महिनाको समय अवधि राखी करार संझौता गर्नुपर्दछ । साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघिय मामिला तथा सामान्य प्रशासनलाई लेखेको पत्रमा महगि भत्ता सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा पेश गरेको छ । पालिकाले देहायबमोजिम करार संझौता अन्तर्गत कार्यरत कर्मचारीलाई महगी भत्ता, फिल्ड भत्ता र स्थानिय भत्ता दिने सम्बन्धमा कुनै कानुनी व्यवस्था नभएकोले असुल गरी दाखिला गर्नेपर्ने रु. | २,१५०,७६६ |

| सि.नं. | कर्मचारी | मंहगि भत्ता | स्थानिय भत्ता | ग्रेड | सञ्चयकोष | जम्मा |
|---|---|---|---|---|---|---|
| | शौगात कार्कि | ८००० | ३५२०० | १०१३६ | १६२०९.६ | ६९५४६ |
| | चिरन्जिवी प्रसाद उपाध्याय | २०००० | ४६००० | | | ६६००० |
| | दिपेन्द्र कुमार शाही | २४००० | ५५२०० | | | ७९२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भद्र बहादुर हमाल | २४००० | ५५२०० | | | ७९२०० | |
| | | | | लोक बहादुर खड्का | २४००० | ५५२०० | | | ७९२०० | |
| | | | | भरोशा शाह | २४००० | ५५२०० | | | ७९२०० | |
| | | | | दिपक प्राद आचार्य | २४००० | ५५२०० | | | ७९२०० | |
| | | | | तेज बहादुर महत | २४००० | ५५२०० | | | ७९२०० | |
| | | | | यज्ञ बहादुर खड्का | २४००० | ५५२०० | | | ७९२०० | |
| | | | | रत्ना गिरी | २४००० | ५५२०० | | | ७९२०० | |
| | | | | गणेश बहादुर थापा | २४००० | ६६१२० | | | ९०१२० | |
| | | | | रमेश प्रसाद उपाध्याय | २४००० | ५५२०० | | | ७९२०० | |
| | | | | रविन्द्र रिजाल | २४००० | ५५२०० | | | ७९२०० | |
| | | | | कृष्ण थापा | २४००० | ५५२०० | | | ७९२०० | |
| | | | | राजेन्द्र प्रसाद अधिकारी | २४००० | ५५२०० | | | ७९२०० | |
| | | | | रेशम बहादुर मल्ल | २४००० | ४२६०० | | | ६६६०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नगेन्द्र बहादुर थापा | २४००० | ५५२०० | | | ७९२०० | |
| | | | | रमेश प्रसाद शर्मा | २४००० | ४२६०० | | | ६६६०० | |
| | | | | मञ्जु नेपाली | २४००० | ४२६०० | | | ६६६०० | |
| | | | | तिलक आचार्य | २४००० | ४२६०० | | | ६६६०० | |
| | | | | यज्ञ बहादुर थापा | २४००० | ४२६०० | | | ६६६०० | |
| | | | | मन बहादुर थापा | २४००० | ४२६०० | | | ६६६०० | |
| | | | | भिमदत्त आचार्य | १२००० | २१३०० | | | ३३३०० | |
| | | | | नर बहादुर खड्का | २४००० | ४२६०० | | | ६६६०० | |
| | | | | देविराम जैसी | २४००० | ४२६०० | | | ६६६०० | |
| | | | | लुकेश कुमार योगी | २४००० | ४२६०० | | | ६६६०० | |
| | | | | सुरज कुमार रावत | २४००० | ४२६०० | | | ६६६०० | |
| | | | | प्रेमप्रकाश थापा | २४००० | ४२६०० | | | ६६६०० | |
| | | | | समशेर बहादुर शाही | २४००० | १०५६०० | | | १२९६०० | |
| | | | | जम्मा | ६६४००० | १४६०४२० | १०१३६ | १६२१० | २१५०७६६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८८ | १०३ | २०७८-७-१२ | **अनुगमन भत्ताः**<br><br>आयोजना तथा योजनाहरुको अनुगमनको वापत कर्मचारी तथा पदाधिकारीले अनुगमन पाउने सम्बन्धमा कुनै पनि कार्यविधि तथा कानूनमा भत्ता पाउने व्यवस्था गरेको देखिदैन । पालिका अन्तर्गत रहेका योजना तथा आयोजनाहरुको अनुगमन वापत देहायका पदाधिकारी तथा कर्मचारीले अनुगमन भत्ता लिएको देखिन्छ । कानूनी आधार वेगर लिएको अनुगमन भत्ता रु.१९५७१३।०० असूल गर्नुपर्ने रु. | १९३,१६३ |

| सि नं | पदाधिकारीको नाम/थर | अनुगमन भत्ता | कर रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | महेन्द्रजंग शाही | ४०५०० | ६०७५ | ३४४२५ |
| २ | सुशिला मिश्र | २८५०० | ४२७५ | २४२२५ |
| ३ | सौगात कार्कि | १२००० | १८०० | १०२०० |
| ४ | तुलसीप्रसाद उपाध्याय | ४०५०० | ६०७५ | ३४४२५ |
| ५ | विकासजंग शाही | १०५०० | १५७५ | ८९२५ |
| ६ | विनोद बहादुर थापा | १९५०० | २९२५ | १६५७५ |
| ७ | दिपक बटाला | १०५०० | १५७५ | ८९२५ |
| ८ | टेक बहादुर बुढा | १०५०० | १५७५ | ८९२५ |
| ९ | रमेशप्रसाद उपाध्याय | १८००० | २७०० | १५३०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>मान बहादुर कार्कि</td><td>१०५००</td><td>१५७५</td><td>८९२५</td></tr>
<tr><td>११</td><td>दिपेन्द्र कार्कि</td><td>१०५००</td><td>१५७५</td><td>८९२५</td></tr>
<tr><td>१२</td><td>निरक बहादुर शाही</td><td>७५००</td><td>११२५</td><td>६३७५</td></tr>
<tr><td>१३</td><td>लोकेन्द्र पौड्याल</td><td>७५००</td><td>११२५</td><td>६३७५</td></tr>
<tr><td>१४</td><td>मञ्जु कुमारी नेपाली</td><td>७५०</td><td>११३</td><td>६३८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२२७२५०</td><td>३४०८८</td><td>१९३१६३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>भ्रमण खर्च<br><br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • भ्रमण खर्च नियमावलीमा पद अनुसार पाउने भ्रमण भत्ताको दर स्पष्ट उल्लेख गरेको भएता पनि तोकिएको भन्दा भन्दा फरक दरमा समेत भ्रमण खर्च बिल भरी भ्रमण भत्ता लिएको देखिएकोले यस सम्बन्धमा भ्रमण भत्ता स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ९० | | | **सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्नेः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । वडा कार्यलयले खरिद गरेको जिन्सी सामानहरु पालिकाको जिन्सी खातामा आम्दानी गर्न छुट देखिएको र जिन्सी निरीक्षण समेत नगरेकोले खरिद भएका, सहायता वा हस्तान्तरण भई प्राप्त भएका जिन्सी मालसामानको एकिन गरी आम्दानी बाँध्नुपर्ने देखिन्छ । | |
| ९१ | | | **सार्वजनिक सम्पत्ति व्यवस्थान प्रणालीः**<br><br>नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७।०४।०७ र २०७७।०७।२० को निर्णयअनुसार संघ/प्रदेश/ स्थानिय तहका कार्यलयहरुले सरकारी सम्पतिको व्यवस्थापनमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) अनिवार्य रुपमा लागु गर्ने व्यवस्था गरेको छ । कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) प्रयोग गरेको छैन । अतः कार्यालयले सम्पूर्ण सार्वजनिक सम्पतिहरु (PAMS) अनिवार्य अभिलेख राख्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९२</td><td></td><td></td><td>सम्पत्ति तथा जिन्सी मालसामानको लगतः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ (१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्त्रण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारवाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु वा गराउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न निकायलाई देहायका मालसामान हस्तान्त्रण गरेकोमा जिल्ला ट्राफिक कार्यालयमा जिन्सी लगत बाधेको प्रमाण पेश भएको छैन । तसर्थ मालसामानको आम्दानी बाधेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.
<table>
<tr><td>जिन्सी मालसामान</td><td>हस्तान्त्रण गरिएको निकाय</td><td>मुल्य</td></tr>
<tr><td>डिसहोम</td><td>दुल्लु अस्पताल</td><td>४०९६२</td></tr>
<tr><td>ट्रलि</td><td>नरेश्वर उद्यमशिल विद्यालय</td><td>२४१११९</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२८२०८१</td></tr>
</table></td><td>२८२,०८१</td></tr>
<tr><td>९३</td><td></td><td></td><td>एटेन्डेन्स डिभाइसः<br><br>पालिकाले ४ वटा एटेन्डन्स डिभाइस खरिद गरी जडान खर्च समेत रु. २५४२०६।८८ खर्च गरेको छ । हाजिर प्रणालीलाई व्यवस्थित गर्नको लागि एटेन्डेन्स डिभाइस जडान गरेकोमा प्रयोगमा आएको छैन ।</td><td></td></tr>
<tr><td>९४</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ताः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **<u>सामाजिक सुरक्षा भत्ताः</u>** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम पालिकाले १३ वटा वडामा राष्ट्रिय वाणिज्य वैङ्क र कृषि विकास वैक मार्फत ९३०३ जना लाभग्राहिलाई ४ त्रैमासिक रु. १७ करोड ८३ लाख भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः | |
| ९४.१ | | | पार्किङ्ग खाताः सामाजिक सुरक्षा भत्ता वडा नं. १,३,५,७,९,११ र १३ को राष्ट्रिय वाणिज्य वैङ्कबाट र वडा नं. २,४,६,८,१० र १२ को कृषिक विकास वैङ्कबाट वितरण गरेकोमा राष्ट्रिय वाणिज्य वैकबाट रु. १,०३,५२२।१४ वितरण गर्न बाँकी रकम सञ्चित कोषमा फिर्ता भएको भौचर पेश भएतापनि कृषि विकास वैकबाट के कति रकम फिर्ता गर्न बाँकी हो सो को विवरण समेत प्राप्त हुन आएन । | |
| ९४.२ | | | **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसुची ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले अनुसुची ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै मुल अभिलेख राखेको देखिएन । | |
| ९४.३ | | | **नविकरणः**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४(५) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसुची ३ बमोजिमको ढाचाँमा राख्नुपर्ने व्यवस्था छ । साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम.आई.एस. मा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो ढाँचामा अभिलेख राखेको देखिएन । | |
| ९४.४ | | | लगत कट्टाः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९४.५ | | | **सार्वजनिक सुनुवाई र अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । पालिकाले सामाजिक सुरक्षा सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै बनाउनुपर्दछ । साथै सार्वजनिक सुनुवाई गरी लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।<br><br>पारदर्शिता कामय गर्नेः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय स्थानिय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा ३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ । पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेभसाइटमा प्रकाशन गरेको छैन । | |
| ९५ | | | **बस खरिद**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ ले कुनै पनि खरिद गर्दा आवश्यकता पहिचान गरेर मात्र खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८ ले वार्षिक योजना बनाई सो अनुसार खरिद गर्नुपर्ने व्यवस्था छ । कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७९।०३।०४ मा प्राकृतिक स्रोत व्यवस्थापन कलेजका लागि बस खरिद गर्न रु ४९ लाख १० हजार निकासा दिएको छ । नियमावलीको नियम ३१(ख) अनुसार क्याटलग सपिङ्ग | ४,९१०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विधिबाट टाटा एल पि १११२।४८ (TATA LP 1112/48 coonxort) बस खरिद गरी भुक्तानी गरेको छ । उक्त बस खरिदका लागि एक मात्र कम्पनी सिप्रदी ट्रेडिङ्गले क्याटलग पेश गरेकोमा ०७९।०३।२२ मा सम्झौता गरी ०७९।०३।२३ मा बिल जारी गरेको छ । हेभि इक्युपमेन्ट डिभिजन नेपालगंजको मेकानिकल इन्जिनियरबाट लागत अनुमान तयार भएको उक्त बस सोही इन्जिनियरबाट स्पेशीफिकेशन अनुसार ठिक भनि मिति नखुलाई प्रमाणित गरेको छ । हाल सम्म पालिकाको कम्पाउण्डमा राखेको उक्त बस खरिद पछि प्रयोग नै नगरी राखेको, बसको कागजात मा ४१ सिट भनिएकोमा प्राविधिकले ४२ सिट प्रमाणित गरको, बसको सिटको प्लास्टिक सबै निकालेको, सिसाहरु भित्रबाट केही स्थानमा कोरिएको, बसको पछाडीको भागको तलपट्टी कुच्चिएको, बसको हाइड्रोलिक बिग्रिएर चुक्कुल बनाएको कारणबाट उक्त बस नयाँ हो भन्ने आधार देखिदैन । खरिद भएको पाचौ महिना व्यतित हुदाँसम्म बसको बिलबुक, बिमा लगायतका कागजात प्राप्त नभएको र त्रुटी सच्याउने अवधिभित्र प्रयोग हुने अवस्था समेत नरहेबाट बस खरिद नियम सम्मत र विशेषतायुक्त रहेको देखिदैन । बसको आधारिकारीकता पुष्टी हुने भन्सार प्रज्ञापन, नामसारी अवस्था झल्कने बिल बुक र उल्लेख भएका कैफियतको उचित आधार सहित तेस्रो पक्षबाट स्पेसिफिकेशन भेरिफिकेशन गराई आधाकारीक पुष्ट्याई सहित सम्बन्धित क्याम्पसलाई हस्तान्तरण भएको प्रमाण पेश हुनुपर्ने रु | |
| ९६ | | | **ज्याला भुक्तानीः** | |
| ९६.१ | | | प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका अनुसार सञ्चालित योजनाहरुको ज्याला भुक्तानी गर्दा सम्बन्धित श्रमिकको खातामा जम्मा गर्नुपर्नेमा कार्यपालिबाट निर्णय गरी सिधै खतिगौडा-छिन्वाखोला वडा कर्मालम सडक निर्माण उपभोक्ता समितिलाई रु.१०३३१७५।०० भुक्तानी दिएको छ । गत वर्षको कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको कारण भुक्तानी ढिलाई भएकोमा यस वर्ष निर्देशिकाको पालना नगरी नरेश्वर उद्यमशील विद्यालयको भैसी गोठ निर्माणको रु.६५००००।०० समेत रु. १६८३१७५।०० सिधै समितिको खातामा जम्मा भएको नियमसम्मत देखिदैन । उक्त रकम सम्बन्धित श्रमिकको खातामा ट्रान्सफर भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तानी दिन नमिल्ने देखिएको रु | १,६८३,१७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९६.२ | | | सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा ढुवानी तथा अन्य ज्याला समेत बिचार गरी लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्दछ । नवप्रवर्द्धनका लागि प्राप्त बजेटबाट पञ्चकोशी बेद विद्याश्रमलाई ICT ल्याबका सामान खरिद गरेकोमा दुई ढुवानी रु २२००।०० तथा कम्प्युटर फिटिङ्ग कार्य गरेको ज्याला भनि रिभर्ट कम्प्युटर इन्टिच्युटलाई रु ३५००।०० भुक्तानी भएको भरपाई संलग्न गरी खर्च लेखेको रु ५७००।०० भुक्तानी दिन मिल्ने नदेखिएकोले भुक्तानी दिनेबाट असुल गर्नुपर्ने रु | ५,७०० |
| ९७ | | | **डिस्प्ले बोर्ड खरिदः**<br><br>सार्वजनिक निकायले खरिद गर्दा आवश्यकता र औचित्यता समेतको आधारमा खरिद निर्णय गर्नुपर्नेमा आवश्यकता नै पहिचान नगरी शिरस्थान, नाभिस्थान, पादुका, धुलेश्वर, र संग्राहलयका लागि प्रिज्म सफ्ट प्रालिबाट ५ वटा डिजिटल डिस्प्ले बोर्ड खरिद गरी रु.९८०७२५।०० भुक्तानी गरेको छ । उक्त बोर्डहरु मध्ये संग्राहलयमा विधुतको व्यवस्था नभएकोले संचालन नै नभएको, धुलेश्वरको वर्षातका कारण बिग्रिसकेको, शिरस्थानमा केही समय चलेपनि हाल बन्द रहेको अवस्था छ । धुलेश्वरमा गत वर्ष जडित हाइमास लाईंटको महशुल नै बक्यौता रहेको अवस्थामा महशुल बढ्ने गरी बोर्ड थप भएको, संग्राहलयमा छाना लगायत त्यस भित्रका पुरातात्विक वस्तुहरुको संरक्षण अभाव देखिएकोले बोर्ड राखि खर्चमात्र बढाएको अवस्था छ । बोर्ड खरिद भन्दा पालिकाले उक्त समस्यामा ध्यान दिएको भए खर्च प्रभावकारी हुने देखिएको छ । यस्ता अनावश्यक लगानीको कटौती गरी औचित्यपूर्ण खर्चमा पालिकाको ध्यान जानुपर्दछ । | |
| ९८ | | | **उपभोक्ता समितिको बिलः**<br><br>उपभोक्ताले सम्पन्न गरेको काममा खपत सामाग्रीको बिल भरपाई संलग्न गरी सो आधारमा निर्माण कार्यको कार्य गरी भुक्तानी दिने उपभोक्ता सँग भएको सम्झौतामा उल्लेख छ । उपभोक्ताले पेश गरेको बिल भरपाई प्राविधिक पुष्टीयुक्त भए नभएको प्राविधिकबाट चेकजाँच गर्ने नगरेको निम्न उदाहरणबाट देखियो । नेपाल सास्कृतिक भवन निर्माण उपभोक्ता समितिले वाइरिङ्ग पाइप, जस्तापाता खरिदको बिल बिनोद इलेक्ट्रोनिक्स एण्ड मोबाईल सर्भिसको राखि रु १२४००।०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पेश गरेको छ ।कोशिला ज्यामिरे खामेधान गोरेटो बाटो निर्माण उपभोक्ता समितिले ट्रस निर्माण गर्दा ६८० के जि ट्रस खरिद विल राखेकोमा प्राविधिकले कार्यसम्पन्न प्रतिबेदनमा ३०४ के.जि मात्र उल्लेख गरेको छ । यसबाट उपभोक्ता समितिको बिल भरपाई र कार्य सम्पन्न प्रतिबेदनमा मेल खाने अवस्था नदेखिएकोले उपभोक्ताको काम गुणस्तर र उपयुक्त भएको मान्न सकिएकन । यसमा सुधार गर्नुपर्दछ । | |
| ९९ | | | **नवप्रवर्तन साझेदारीः**<br><br>एक स्थानीय तहको असल अभ्यासलाई अन्य तहमा विस्तार गर्ने, सफल अभ्यासहरुलाई प्रदेश तथा संघीय तहमा स्तरोन्नती गर्ने र असफलताका पाठहरुबारे अन्य स्थानीय तहलाई सुचित गर्ने साथै स्थानीय तहको स्वामित्त्व वढाउन प्रोत्साहन गरी नव प्रवर्तनलाई स्थानीय तथा प्रदेश तहबीच, स्थानीयतहहरु एक अर्का बिच एवं स्थानीय तह तथा निजी क्षेत्रबीच सहकार्य र सहलगानी प्रवर्द्धन गर्ने उद्देश्यले नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ जारी भएको छ । सो अनुसार पालिकाले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) सँग "स्वच्छ नगरपालिका, स्वस्थ नागरिक र स्थानीय रोजगारीको लागि फोहोरलाई मोहोर" कार्यक्रम प्रस्ताव स्वीकृत गराई कार्यान्वयनका लागि प्रदेश कार्यक्रम कार्यान्वयन इकाई (PPIU) सुर्खेत सँग २०७९।०१।१७ मा रु.९ करोड ९ लाख ९८ हजारको प्रस्ताव स्वीकृत गराई कार्यक्रमबाट रु. ४ करोड निकासा गरी सम्झौता भएको पाईयो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन । | |
| ९९.१ | | | प्रस्तावना स्वीकृतः निर्देशिकाको नियम २ मा स्थानीय सुशासन, सेवा प्रवाह र स्थानीय आर्थिक विकासको क्षेत्रमा नवप्रवर्तनको प्रवेश वा प्रयोग हुने नविन प्रकृतिका कामसँग सम्बन्धित हुनुपर्ने उल्लेख छ भने नियम २१ (झ) मा कोषको अनुदान रकमबाट फोहोरमैला व्यवस्थापनको पूर्वाधार, खानेपानीको पूर्वाधार लगायतको क्षेत्रमा खर्च गर्न नपाईने उल्लेख छ । पालिकाले संस्थागत, सार्वजनिक स्थान र घरायसी फोहोर संकलनका लागि विन. बकेट खरिद गर्ने, ड्रम ट्रक खरिद, ल्याण्डफिल्ड साईट व्यवस्थापन, फोहोर प्रशोधन केन्द्र निर्माण लगायत शिर्षक राखि दुल्लु, चामुण्डा, | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विन्दावासैनी, भैरवी र नारायण नगरपालिकाको संयुक्त फोहोर व्यवस्थापन कार्यका लागि प्रस्ताव स्वीकृत गराएको पाइयो । निर्देशिकाले स्पष्ट पारेको विषयमा क्षेत्र बाहिर गई प्रस्ताव स्वीकृत भएको नियम सम्मत देखिदैन । क्षेत्राधिकार तोकी खर्च गर्न नमिल्ने नवप्रवर्तन साझेदारी कोष प्राविधिक समितिलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>९९.२</td><td></td><td></td><td>साझेदारीः पालिकासँग भएको सम्झौताको ५.३ मा स्रोत सुनिश्चितता अवधारणामा स्वीकृत कार्यक्रम संचालन गर्न रु ४ करोड बाहेक नगरपालिकाले साझेदारी गरी लगानी गर्नुपर्ने रकम खर्च गरेको छैन ।दुई वर्षमा सम्पन्न हुने यस परियोजनाको लागि एकै वर्षमा ५ करोड ९ लाख लगानी गर्न बजेट समेत व्यवस्था नगरेको अवस्था जानकारीमा आएको छ । ल्याण्डफिल्ड साईट व्यवस्थापन गरी फोहोर प्रशोधनबाट उपभोग्य वस्तु तथा लघु उद्यम स्थापना मुख्य उद्देश्य भएको कार्यक्रममा साझेदारी नभएबाट उक्त योजना सम्पन्न हुने अवस्था छैन ।</td><td></td></tr>
<tr><td>९९.३</td><td></td><td></td><td>खरिद कार्यः निर्देशिकाको नियम २० ले कोषबाट संचालित कार्यक्रमलाई स्थानीय तहको खरिद योजनामा समावेश गरी नेपाल सरकारको प्रचलित खरिद कानून अनुसार हुने उल्लेख छ । पालिकाले खरिद योजना बेगर निम्न अनुसार सामाग्री सिधै खरिद गरी मौज्दात राखेको छ । सार्वजनिक खरिद नियमावलीले आवश्यकता बेगर खरिद गर्न नहुने व्यवस्था गरेकोमा सो पालना गरेको छैन । खरिद भएका विनहरु भैरवी र विन्दासैनी पालिकाले बुझ्नै बाकी रहेको, नारायण नगरपालिकले बुझेपनि मौज्दातमा राखेको अवस्था छ । फोहोर प्रसोधन केन्द्र र ल्याण्डफिल्ड साईट पहिला तयार गर्नुपर्नेमा सजिलै खरिद गर्न सकिने सामानमा लगानी गरेको साथै नियमावली अनुसार बोलपत्र मार्फत खरिद गर्नुपर्नेमा नगरेको अनियमित गरेको रु
<table>
<tr><th>क्र सं</th><th>सप्लायर्स</th><th>सामान</th><th>रकम</th></tr>
<tr><td>१</td><td>त्रिशक्ती ट्रेडर्स</td><td>६० ली बिन स्टयण्ड समेत</td><td>८६००००</td></tr>
<tr><td>२</td><td>देउती जनरल एण्ड सप्लायर्स</td><td>४० ली स्वीम विन</td><td>८५८०००</td></tr>
</table></td><td>२,७६६,२४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td>शुभम ट्रेड एण्ड सप्लायर्स</td><td>१५ ली डष्टवीन</td><td>७९६०००</td></tr>
<tr><td>४</td><td>मू अ कर</td><td></td><td>३२२१४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२७६६२४०</td></tr>
</table></td><td></td></tr>
<tr><td>९९.४</td><td></td><td></td><td>ढुवानीः खरिद भएका ६०,४० र १५ लिटरका उल्लेखित विन/बाल्टिनहरु ढुवानीमा १० चक्के ट्रक प्रयोग गरेको जनाई प्रतिदिन रु ७५०००।०० का दरले ३ दिनको ढुवानी भाडा लिएको भरपाई संलग्न गरी कर बाहेक रु २०२५०० खर्च जनाएको छ । बोलपत्र मार्फत सम्बन्धित स्थानबाट ल्याउने गरी दर निर्धारण गर्नुपर्नेमा सिधै खरिद गरी थप ढुवानी खर्च लेखेको तथा पालिकाको स्वीकृत जिल्ला दर अनुसार प्रतिदिन रु १२०००।०० भएकोमा प्लाष्टिकको सामान ढुवानीको लागि १० चक्के ट्रक प्रयोग गर्नुपर्ने अवस्था समेत नदेखिएकोले उक्त ढुवानी खर्च भुक्तानी दिनेबाट असूल गर्नुपर्ने रु</td><td>२०२,४००</td></tr>
<tr><td>९९.५</td><td></td><td></td><td>लगानीः पालिकासँग भएको सम्झौताको प्रमुख शर्तको ५(२)मा परियोजना प्रस्तावमा उल्लेखित क्रियाकलाप बाहेक अन्य कुनै क्षेत्रमा यो कोषको रकम खर्च गर्न नपाईने उल्लेख भएकोमा पालिकाले पञ्चशिल बेद विद्याश्रमलाई ।CT स्थापनाको लागि रु.१० लाख उपलब्ध गराएको देखिएकोले उक्त रकम भुक्तानी स्वीकृत गर्ने अधिकारीबाट असूल गर्नुपर्ने रु</td><td>१,०००,०००</td></tr>
<tr><td>९९.६</td><td></td><td></td><td>समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको पाइएन ।ऐनमा तोकिए बमोजिमको समिति गठन गरी तोकिएको काम कर्तब्य र अधिकार बमोजिम काम गर्ने गरी सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९९.७</td><td></td><td></td><td>विपद् व्यवस्थापन कोष — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. 5653769.37 आम्दानी भई रु. 2266639 खर्च गरी बाँकी रु. 3387130.37 देखिन्छ । पालिकाले सम्पूर्ण भुक्तानी गरेको देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम नियम बनाई खर्च लेखेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ९९.८ | | | **वार्षिक प्रतिवेदन —**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १०० | | | **नरेश्वर वहुप्राविधिक शिक्षालयः**<br><br>राष्ट्रिय शिक्षा नीति २०७६ को १०.११.१ मा श्रम बजारको आवश्यकताका आधारमा सीप नक्सानकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यवसायीक शिक्षा र सीप प्रदायक संस्थाहरुको स्थापना गरिने नीति सरकारको रहने उल्लेख छ । पालिकाबाट जारी शिक्षा नियमावली, २०७४ मा प्राविधिक विद्यालयहरुको परिकल्पना गरेको देखिदैन । पालिकाले शिक्षा नीति तथा पालिकाबाट जारी नियमावलीसँग मेल नखाने गरी नरेश्वर वहुप्राविधि विद्यालय लाई प्रयोगात्मक एवं व्यवहारिक ज्ञान सहित शिक्षा दिने उद्देश्यले विद्यालयलाई वहुप्राविधिक शिक्षालयको नाम राखि निम्न अनुसार रु. १७५४६८८४।०० बजेट खर्च गरेको छ । कक्षा ७ सम्म पठन पाठन हुने विद्यालयमा भैसी पालन, घोडा पालन, बेसार खेती गर्ने लगायत कार्यक्रम संचालन भएकोमा बालबालिकालाई उक्त कार्यमा संलग्न गराउन हुने नहुने सम्बन्धमा पालिकाको ध्यान गएको छैन । कक्षा ७ सम्मको कुल १८९ विद्यार्थी रहेकोमा ४ कोठा समेतको नयाँ भवन निर्माण भएको छ । सो स्थानबाट २० मिटर दुरीमा सरस्वती माध्यमिक विद्यालय र पालिका अन्तर्गत कृषि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | क्याम्पस अन्तर्गत प्राकृतिक स्रोत व्यवस्थापन कलेज समेत रहेको अवस्था छ भने गत वर्ष २२ लाख खर्च गरी खरिद गरेको टयक्टरमा यस वर्ष पानी टयाङ्की र ट्रलि समेमा खर्च भएपनि स्थलगत अवलोकनमा सोको उपयोग र प्रयोजन गरेको देखिएन । पालिकाबाट अनुदानमा टनेल, वैकल्पिक उर्जाको लागि गोबर ग्यास प्लान्ट जडान लगायत सोही विद्यालयको लागि विद्युतीकरण कार्य गर्न संघीय शसर्तबाट रु. ५० लाख विविध खातामा सारेको अवस्था छ । प्रशासकीय प्रमुखबाट २ रोपनी जग्गा उपलब्ध गराई नयाँ भवन तयार गरेको भएपनि अनुदान रकम उपयोग हुन सक्ने अवस्था छैन । पूर्वाधार वेगर स्थापना भएको यस विद्यालयमा जिल्ला कृषि विकास कार्यालयबाट मिनीट्रिलर (रु. ४० हजार), जिल्ला पशु कार्यालयबाट उत्कृष्ठ कृषक पुरस्कार समेत सो विद्यालयलाई उपलब्ध गराए पनि सोको सदुपयोग आधार अवलोकनबाट देखिएन ।<br>यसरी कार्य योजना स्वीकृत बेगर साना साना नानीबाबुलाई प्रयोगात्मक शिक्षाका नाममा काम गराउने उक्त कार्य बन्द गरी उक्त अनुदान उपयोग सम्बन्धित दीर्घकालीन योजना स्वीकृत गराई लागानीको सदुपयोगमा पालिकाले ध्यान दिनुपर्दछ । | |

| सि नं | योजना | खर्च रकम |
|---|---|---|
| १ | भवन निर्माण (प्रदेश र संघिय समेत) | ६६०००० |
| २ | विद्युतीकरण | ५०००००० |
| ३ | बायोग्यास प्लान्ट | ९७१५६५ |
| ४ | टयाक्टर ट्रलि | २४१११९ |
| ५ | टयाक्टर पानी टयङ्की खरिद | ३८४२०० |
| ६ | गोठ निर्माण | १३५०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>आर्थिक वर्ष २०७७।७८</td><td></td></tr>
<tr><td>७</td><td>भैसी खरिद</td><td>८०००००</td></tr>
<tr><td>८</td><td>ट्याक्टर</td><td>२२०००००</td></tr>
<tr><td>९</td><td>दुग्ध प्रशोधन सामग्री खरिद</td><td>३५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७८९६८८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०१</td><td></td><td></td><td>शसर्त अनुदान विविध खातामाः</td><td></td></tr>
<tr><td>१०१.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०६४ को नियम ४५ अनुसार शसर्त अनुदानको लागि संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभएमा फिर्ता पठाउनुपर्नेमा पालिकाले ०७९।०३।२२ मा एक टिप्पणी मार्फत प्रदेश सरकारको ४ कार्यक्रम तर्फ १ करोठ ४७ लाख ६५ हजार समेत रु ६ करोड ९३ लाख ८५ हजार विविध खातामा लैजाने निर्णय भएको छ । निर्माण सामाग्रीहरुको अपर्याप्तता, अत्याधिक मूल्यवृद्धि एवं ६० प्रतिशत भन्दा वढी काम भै सकेको योजना भुक्तानीको लागि विविधमा लैजान योजना शाखाबाट टिप्पणी उठाई प्रमुख प्रशासकीय अधिकृत लगायत नगर प्रमुख समेतबाट सदर गरी निम्न अनुसार रु ४ करोड ४० लाख ३५ हजार ०७९।०३।२२ मा विविध खातामा जम्मा गरेको नियमसम्मत देखिदैन । सालबसाली सम्पन्न गर्ने गरी स्वीकृत कार्यक्रम समयमा सम्पन्न नगरी अधिकार क्षेत्र बाहिर गई निर्णय गर्ने अधिकारीलाई जिम्मेवार बनाई उक्त रकम फिर्ता गर्नुपर्ने रु</td><td>०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ✂ ..........*(प्रारम्भिक प्रतिवेदन उपर रु. ५७३६९८०.३१ को प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.४४०३५००० ।- सम्परीक्षण गरी रु ३८२९८०१९.७९ कायम गरिएको ।)* | |
| १०१.२ | | | **फिर्ता गर्नुपर्ने रकम खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०६४ को नियम ८७ मा प्रारम्भिक प्रतिबेदनमा औल्याएका बेरुजुहरु ३५ दिनभित्र फछ्यौंट गरी महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । आ व ०७७।०७८ मा शसर्त अनुदानको लागि निकासा भएको रकम विविध खातामा राखेकोले फिर्ता गर्नुपर्ने भनि औल्याएकोमा मौज्दात रु ६९१५९९९।०० मध्ये यस वर्ष रु ३०९०५३१।०० सडक मर्मत तथा भैसी गोठ निर्माणमा खर्च गरेको छ । बाकी रकम मौज्दातमा नै राखेको छ । प्रतिबेदनमा औल्याएका बेरुजु कार्यान्वयन नगरी बेमनासिव तरिकाले खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई प्रतिबेदन कार्यान्वयन गराउने तर्फ लेखाउत्तरदायी अधिकृतको ध्यान जानुपर्दछ । साथै नियमावलीको नियम ४५ (३) अनुसार अर्थमन्त्रालयले प्रचलित संघीय कानून बमोजिम हस्तान्तरण गर्ने समानिकरण वा बाँडफाँडको रकमबाट कट्टा गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| १०२ | | | **प्रकोप व्यवस्थापन कोषः**<br><br>विपद व्यवस्थापनको लागि पालिकाले विपद् व्यवस्थापन कोष कार्यविधि, २०७७ निर्माण गरेको छ । विपद व्यवस्थापन कोषमा गत वर्षको अ.ल्या. रु. ११८१९२३।३७ यो वर्षको आम्दानी रु. ४४४६८४६। गरी जम्मा रु. ५६२८७६९।३७ भएकोमा यो वर्ष रु. २२४१६३९। खर्च गरी रु. ३३८७१३०।७३ मौदात रहेको छ । विपद व्यवस्थापन कार्यविधि अनुसार बढिमा १००००। रकम भुक्तानी गर्न मिल्नेमा पालिकाले सो भन्दा बढि रकम प्रदान | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेको देखिन्छ । कार्यविधिमा तोकिए भन्दा बढि रकम भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०३</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न कार्यक्रममा रु. ९२३००० ।००पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट गर्नुपर्दछ ।
<table>
<tr><td>३</td><td>२०७८/११/२६</td><td>विभिन्न योजना साझेदारी</td><td>कुन्टाआवत वडापोखरा साेलार लिफ्टिङ खा पा २</td><td>२,३४,०००.००</td></tr>
<tr><td>४</td><td>२०७९/०१/०५</td><td>बडपिपल महिला विकास २ कोठे भवन निर्माण</td><td>वरपिपल महिला विकास समिति दुल्लू न.पा. ५ दैलेख</td><td>१,८९,०००.००</td></tr>
</table>
<br>(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भएको प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१७ को निर्णयबाट रु.५००००० ।- सम्परीक्षण गरीएको।)</td><td>४२३,०००</td></tr>
<tr><td>१०४</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोरा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ को उपदफा (८) र (९) अनुसार आन्तरिक लेखापरीक्षणमा देखिएको व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट गर्नुपर्दछ । पालिकाको निम्नानुसारको आन्तरिक लेखापरीक्षणमा औल्याएको बेरुजु फस्यौंट नभएकोले असूल । प्रमाण पेश गरी असूल फस्यौंट हुनुपर्दछ ।
<table>
<tr><th>सि नं</th><th>भौचर नं</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>संघीय सरकार हस्तान्तरित कार्यक्रम</td><td></td></tr>
<tr><td>१</td><td>१६७</td><td>लघु उद्यम कार्यक्रम तर्फको सवारी चालक तालिमको प्रस्ताव स्वीकृत नै नगरी कार्यक्रम संचालन भरेको</td><td>३३११००</td></tr>
<tr><td>२</td><td>१७९</td><td>नरेश्वर उद्यमशिल विद्यालयको सिकाई सम्वन्धि निकासा विद्यालयको माग फारम विना नै निकासा भएकोले निमय सम्मत नदेखिएको</td><td>९४००००</td></tr>
<tr><td>३</td><td>२०९</td><td>आयुर्वेदिक औषधालयको वजेट खर्चको विमल एण्ड कृष्ण जनरल स्टोर्सको विल संलग्न रहेकोमा गोश्वारा भौचर तथा दाखिला प्रतिवेदन सदन भएको रु</td><td>१५५१३</td></tr>
<tr><td>४</td><td>२२२, २२३ र २२५</td><td>गरिवी निवारण विकास कार्यक्रम संचालन सम्वन्धि गोश्वारा भौचर सदर नभएको</td><td>६००००, ४८०००</td></tr>
<tr><td>५</td><td>२८२, २८३</td><td>परिवार नियोजन किशोर किशोरी कार्यक्रम र महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम संचालन गर्दा सहभागीहरुलाई खाना</td><td>४४५२००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | खुवाएको भनी विल १३३ जना पेश भएकोमा सहभागी संख्या र विलमा तालमेल नभएको र प्रस्ताव समेत स्वीकृत नभएको | |
| ६ | ५ | नरेश्वर उद्यमशिल विद्यालयको दुग्ध प्रशोधनको प्राविधिक मूल्यांकनको तुलनात्मक चार्ट स्वीकृत नभएको | ३५०००० |
| ७ | ५१ | महावै जग्नाथ मन्दिर निर्माण वडा नं ८ को कार्यसम्पादन प्रतिवेदन सदर नभएको | १७५५४५ |
| ८ | ८३ | पर्यटन पूर्वाधार कार्यक्रम अन्तर्गत मन्दिर तथा पूर्वाधार निर्माणको प्राविधिक मुल्यांकनको प्रथम रनिङ विल कार्यालय प्रमुखले स्वीकृत नभएको | २१२६८१४ |
| | | नगरपालीका चालुतर्फ | |
| ९ | ९ | कर्णाली होटेलको रु ७०८२ को विल भुक्तानी भएको तर विल संलग्न नभएको | ७०८२ |
| १० | ३४ | प्रमुख प्रशासकीय अधिकृत महेन्द्रजंग शाहीको मिति २०७८।०५।०५ देखि ८ गते सम्मको भ्रमण आदेश स्वीकृत नभएको | ६२०० |
| ११ | १२० | गनापुर अटो वर्क्स प्रा लि नेपालगंजको विल ( वा २ झ १३४५ को गाडी मर्मत) दाखिला तथा मर्मत आदेश वेगर भुक्तानी गरेको | १२४७९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | ३८३ | | वडा नं २ को मोटरसाइकल मर्मत र इन्भर्टर मर्मतको दाखिला स्वीकृत नभएको (रु १९९५० र १८९५०) | ३८९०० |
| १३ | ६८४ | | नगरपालिकाको डायरी छपाईको सक्कल बिल संलग्न नभएको | ११८७६३ |
| | | | पालिका पुजीगत तर्फ | |
| १४ | ८९ | | पंचकोशी बहुप्राविधिक शिक्षालयमा भुक्तानी टिप्पणी आदेशमा रु १३२६००। दिने निर्णय गरेकोमा रु १४४५७०६। भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु | ११९७०६ |
| १५ | ११६ | | प्राकृतिक श्रोत व्यवस्थापन कलेजको भौतिक पुर्वाधार निर्माणको रु ३०७८०३७ आर्थिक वर्ष २०७७।७८ मा भुक्तानी हुन बाँकी यस वर्ष भुक्तानी बाँकीको कच्चावारीमा समावेश नगरी नगरसभावाट निर्णयको आधारमा भुक्तानी भएको देखिन्छ । | ३०७८०३७ |
| १६ | १३१ | | नरेश्वर उद्यशिल विद्यालयमा आर्थिक वर्ष २०७७।७८ मा आइसिटि वापत रु ६५००००। भुक्तानी भएकोमा यस वर्ष पुन पुजीगत शिर्षकवाट रु २९१५१२। गरेकोले उक्त खर्चको प्रयोजन तथा सम्झौता पेश नभएको | २९१५१२ |
| १७ | २६४ | | मुख्य सडक मर्मत स्तरउन्नतिको कार्य सम्पन्न प्रतिव्दनमा प्रमुख प्रशासकिय अधिकृतले प्रमाणित गरेको नदेखिएको रु | १८२२९९५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१८</td><td>२६५</td><td>सुनारी विरौटी सिंचाई पोखरीको गोश्वारा भौचर सदर नभएको</td><td>१९६२९०</td></tr>
<tr><td>१९</td><td>३०२</td><td>शुभ विहानी वोहरा निर्माण सेवा प्रा लि को वडा नं ११ को पुरानो सडक मर्मतको कार्य सम्पन्न प्रतिवेदन कार्यलय प्रमुखवाट स्वीकृत नभएको</td><td>२५७६११</td></tr>
<tr><td>२०</td><td>३०३</td><td>एन के थापा कन्स्ट्रक्सन प्रा लिको सरस्वती कृष्ण मा वि को भौतिक पूर्वाधार निर्माणको प्रथम रनिङ्ग विल भुक्तानी गर्दा कार्यालय प्रमुखको प्रमाणित नभएको रु</td><td>२८८७५३०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१३४४१५९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०५</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see below) | |

| गत वर्षसम्मको बेरुजू | यो वर्ष संपरीक्षण गरिएको बेरुजू | गत बर्षसम्मको बाँकी बेरुजू |
|---|---|---|
| (A) | (B) | (C=A-B) |
| १९०३९९ | ७९५३ | १८२४४६ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | ०७५।०७६ | ३४ | पदाधिकारी बैठक भत्ता | १९३२००० | | ० | ० | १९३२००० |
| २ | ०७५।०७६ | ३५ | पदाधिकारी इन्धन सुविधा | ३७०५०० | | | | ३७०५०० |
| ३ | ०७५।०७६ | ३६ | पदाधिकारी यातायात खर्च रु ४५६००० मध्ये | १४४००० | | | | १४४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ०७५।०७६ | ८०(१३) | वडा सचिव तेज बहादुर महतको पेश्की फछ्र्यौंट | | | | १८००००० | १८००००० |
| | ०७५।०७६ | ८०(३) | रोहित कन्ट्रक्सनको पेश्की फछ्र्यौंट | | | | ३७५४०७ | ३७५४०७ |
| ४ | ०७६।०७७ | २५ | बैठक भत्ता वढी भुक्तानी असूल | १२०००० | | | | १२०००० |
| ५ | ०७६।०७७ | २७ | निवृत्तिभरण पाउनेले लिएको सुविधा (कमल बहादुर खनाल) | ६०००० | | | | ६०००० |
| ६ | ०७६।०७७ | ७८ | पदाधिकारी अनुगमन भत्ता (रु ६३७२०० मध्येबाट) | २१०१८२ | | | | २१०१८२ |
| ७ | ०७६।०७७ | ५६।१ | प्रदेश पूर्वाधार तर्फको जनसहभागितामा बढी बिल भुक्तानी | ९७९१.२५ | | | | ९७९१.२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>०७६।०७७</td><td>५६।२</td><td>प्रदेश पूर्वाधार तर्फको आइरनको वढी बिल भुक्तानी</td><td>३०५२३०.८०</td><td></td><td></td><td></td><td>३०५२३०.८०</td></tr>
<tr><td></td><td>०७७।०७८</td><td>१७।१</td><td>सवारी साधन दर्ता तथा नविकरण शुल्क जरिवाना
<table>
<tr><td>सवारी साधन नं</td><td>रकम</td></tr>
<tr><td>भे १ ब १४६५</td><td>२७००</td></tr>
<tr><td>भे १ ब १४६४</td><td>१०००</td></tr>
<tr><td>भे १ ब १२५८</td><td>२७००</td></tr>
</table>
</td><td>२०१४०</td><td></td><td></td><td></td><td>२०१४०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भे १ ब ११०८</td><td>३९८०</td></tr>
<tr><td>भे १ ब १२५९</td><td>२७००</td></tr>
<tr><td>भे १ ब ६८८</td><td>३९६०</td></tr>
<tr><td>भे १ ब ४५८</td><td>३१००</td></tr>
<tr><td>जम्मा</td><td>२०१४</td></tr>
</table>
</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>०७७।०७८</td><td><u>१९</u></td><td>पेश्की बाकी नरेश्वर उद्यमशिल विद्यालय र प्रेमदेवी मावि धामीगाउँको रकम संघीय राजश्व</td><td>१६८००००</td><td></td><td></td><td>१६८००००</td><td>१६८००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | खाता १५११२ मा दाखिला ज्वाला मा वि गमौडीको पेश्की फछ्यौंट भएको | | | | | |
| | ०७७।०७८ | २१.२ | बिमा लेख पेश नभएको | ६५००० | | | | ६५००० |
| | ०७७।०७८ | ६.१ | विविध खर्च खातामा शसर्त अनुदानको रकम जम्मागरेको (जम्मा रु ६९१५९९९ मध्ये बाट प्रधानमन्त्रि रोजगार कार्यक्रमको रु १९९२१० मात्र) | १९९२१० | | | | १९९२१० |
| | ०७७।०७८ | १२.५ | पारिश्रमिक कर दाखिला | १०३००० | | | | १०३००० |
| | ०७७।०७८ | १४.३ | ३(१) पाठ्यपुस्तकमा वढी निकासा | २५५२८६ | | | | २५५२८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | ०७७।०७८ | १४.४ | ऋग्न्र भ्ऋम सामाग्री खरिदको वढी निकासा विकाश जंग शाही | ३०३००० | | | | ३०३००० |
| | | | जम्मा | | | | | ७९५२७४७.०५ |

**अद्यावधिक वेरुजु** - यस पालिकाको २०७८।७९ सम्मको फछयौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १९०३९९ | ७९५३ | १३८६३३ | ११२ | ३२१२२१ |

**संपरीक्षणबाट थप भएको बेरूजू**

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | शसर्त अनुदान विविध खातामाः शसर्त अनुदान रु.४ करोड ४० लाख ३५ हजार विविध खातामा जम्मा गरेको रकम फिर्ता गर्नुपर्ने व्यहोरा प्रारम्भिक प्रतिवेदमा उल्लेख भएकोमा रु.५७३६९८०।२१ फिर्ता गरेको प्रमाण पेश भएकोले रु.३८२९८०१९.७९ मात्र लगत कायम गरीएको छ । | 38298019.79 |